म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक १०४ आइतबार, १४ मंसिर २०८२ ने. सं. ११४६ कछलागा 30 November 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

स्वदेशी वस्तु प्रयोग गरौं ।

- स्वदेशी उत्पादनमा जोड दिऔं,
- स्वदेशी उत्पादनको प्रयोग गरौं,
- स्वदेशी वस्तु तथा सेवाको संरक्षण गरौं,
- स्थानीय उद्योग र रोजगार प्रर्वद्धनमा सहयोग गरौं,
- स्वदेशी वस्तु तथा सेवा प्रयोग गरी आत्मनिर्भर बनौं,
- राष्ट्रिय अर्थतन्त्रलाई सवल बनाऔं,
- स्वदेशी उद्योगपति तथा व्यापारीलाई सम्मान गरौं,
- उद्यमीको योगदानको कदर गरौं ।
- स्वदेशी वस्तु तथा सेवाको प्रवर्द्धन गरौं, स्वावलम्बी बनौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

हेटौंडामा सडक विस्तार सुचनाको प्रभाव: व्यवसायी भन्छन-बजार भत्किने पक्का भयो

पसल खाली गर्न सामान 'सेल'मा बिक्री

साझाकुरा संवाददाता

हेटौंडा, १३ मंसिर/ मंसिर २० गतेदेखि हेटौंडामा सडक विस्तार सुरुहुने निश्चित भएपछि प्रभावित क्षेत्रमा पर्ने व्यवसायीले आफ्ना सामग्री कम मूल्य 'सेल' मा बिक्री गर्न थालेका छन् ।

विशेषगरी फर्निचर व्यवसायीले दराज, पलङ, कुर्सी लगायत फर्निचर सामान सस्तो मूल्यमा बिक्री गर्दा ग्राहकको भीड बढेको छ । बिहीबारदेखि सुरु गरिएको सेलमा दुई दिनमै करिब ८० प्रतिशत सामग्री बिक्री भएको व्यवसायीले बताएका छन् । मंसिर महिना विवाहको सिजन पनि भएकाले सामान किन्नेको संख्या बढेको व्यवसायीको अनुमान छ । सडक विस्तारमा पर्ने संरचना भत्किने लगभग पक्का भएपछि सामान बेचेर पसल खाली गर्नुबाहेक विकल्प नदेखिएको व्यवसायीले बताएका छन् ।

उपमहानगरपालिकाले वैकल्पिक स्थान तोकेको भए सर सामान सारेर व्यवसाय निरन्तर गर्न सकिने भएपनि सूचना समाप्त हुन लाग्दा पनि खासै पहलकदमी नदेखिएपछि सेलमा बिक्री गर्नुपरेको फर्निचर व्यवसायीको भनाइ छ । बैंकरोडका फर्निचर व्यवसायीका साथै चस्मा, जुत्ता तथा अन्य व्यवसायीले पनि सेल सुरु गरेका छन् । त्यस्तै, राप्तीरोड क्षेत्रका व्यापारीले पनि पसलका सामान सस्तोमा बेच्न थालेका छन् । समयमै सामान बेच्न पाए घाटा कम हुने, अर्को उपयुक्त स्थानको अभावलगायत कारणले सस्तोमा सामान बेच्न बाध्य भएको व्यवसायीले बताएका छन् । लगानीभन्दा कम मूल्यमा सामान बेचेर सडक विस्तारमा राज्यलाई सहयोग गरेको तर, राज्यले भने उचित व्यवस्थापनतर्फ ध्यान नदिएकोमा व्यवसायी रुष्ट बनेका छन् ।

उचित व्यवस्थापन भए घरजग्गा राज्यलाई दिन्छौं: घरधनी

हेटौंडामा सडक विस्तारको काम सुरु भएपछि २५ गज सीमा क्षेत्रमा पर्ने घरधनीले राज्यले उचित क्षतिपूर्ति दिएमा मात्र आफ्ना संरचना भत्काउन तयार रहेको बताएका छन् ।

शनिबार सीमाचोकमा भेला भएका उनीहरुले आफूहरुलाई सुकुम्बासी बनाउन नपाइने भन्दै आफूहरु विकास विरोधी नभएको र उचित व्यवस्थापन भएमा आफ्नो घरजग्गा राज्यलाई दिन तयार रहेको धारणा राखेका हुन् । सडक विस्तार आवश्यक रहेको स्वीकार्दै राज्यले व्यक्तिको निजी सम्पत्ति प्रयोग गर्दा उपलब्ध गराउनुपर्ने मुआब्जाका विषयमा ध्यान दिनुपर्ने पीडित रामहरि न्यौपानेले बताए ।

राज्यले सरोकारवालासँग वार्ता गरेर समस्या समाधान गर्नुपर्नेमा जोड दिँदै तनहुँको दमौली मोडलमा समस्या समाधान गरिनुपर्ने सुझाव दिए । संविधानमा उल्लेख भएको हकअधिकार नपाउनु दुखद रहेको उनले बताए । पीडितको समस्यालाई शान्तिपूर्ण रुपमा समाधान गरिनुपर्नेमा उनको जोड थियो ।

मुआब्जा लिएको प्रमाण देखाउनुस् घर सरकारको नाममा गरौला:- कृष्ण कटुवाल

मकवानपुर उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष कृष्ण कटुवालले सडक विस्तारका नाममा सडक डिभिजन हेटौंडाले दमन गर्ने कार्य गरिरहेको बताएका छन् ।

पूर्वअध्यक्ष कटुवालले सामाजिक सञ्जालमा लेख्दै सडक डिभिजन हेटौंडाले दमनको झल्को दिने गरी काम गरिरहेको बताए । सडक डिभिजनले विभिन्न कार्यालयलाई पत्राचार गरेर दमनको झल्को दिने यो के तरिका हो भन्दै उनले प्रश्न गरेका छन् । कटुवालले सामाजिक सञ्जालमा भनेका छन्, 'भदौ २३ मा दमन गरेको भएर २४ को घटना घटेको जस्तै यसरी पेट्रोलियमपदार्थ बन्द गराउनतर्फ लाग्ने, बिजुलीको मिटर सार्न लगाउने, टेलिफोन खानेपानीलाई पत्राचार गरेर दमनको झल्को दिने यो के तरिका हो ?'

'हामीले अहिलेसम्म न मुआब्जा न क्षतिपूर्ति पाएका छौं । केही पाएका छैनौं । अनि हामीले सडक अतिक्रमण गऱ्यो भन्ने कुरा कसरी मिल्छ ? म त भन्छु हामीलाई सडकले अतिक्रमण गऱ्यो । अर्को कुरा मुआब्जा पहिले नै दिईसकेको भन्ने छ प्रमाण देखाईदेओस् घर सरकारको नाममा गरी दिउला । मेरो बुवाले २०१२ सालमा हेटौंडामा घर बनाउनुभयो, सडक ऐनको २५ गजको निर्णय २०२१ मा भयो, नगर पालिका २०२६ सालमा स्थापना भयो, अनि सडक ऐन २०३४ ले सो २५ गजको निर्णय २५ मिटर बनायो' कटवालले भनेका छन् ।

सडक डिभिजनको आन्तरिक तयारी तीव्र

यसैबीच, सडक डिभिजन कार्यालयले भने सडक विस्तारको आन्तरिक तयारीलाई तीव्र बनाएको छ । सीमा क्षेत्रका संरचना हटाउनका लागि १५ दिने सूचना प्रकाशित, विशेष टास्क फोर्स गठन, माइकिङ, रेखांकन कार्यका साथै विद्युत्, खानेपानी र टेलिफोनका संरचना हटाउन समन्वयलगायत कार्य भइरहेका छन् । सीमाक्षेत्रमा रहेको पेट्रोलपम्पलाई पेट्रोलियमपदार्थ नदिनका लागि आयल निगम अमलेखगञ्जलाई पत्राचार गरिएपछि बैंकरोडमा रहेको बलराम दास एण्ड सन्स पम्पले आफ्ना संरचना स्थानान्तरणको काम अगाडि बढाएको छ ।

टास्क फोर्सले बुधबार बाटै माइकिङसहित प्रारम्भिक कार्य सुरु गरिसकेको छ । प्रशासन र सडक कार्यालयले सडक सीमाक्षेत्रमा निर्माण गरिएका स्थायी तथा अस्थायी संरचना हटाउन बिहीबारबाट रेखांकन र रङ लगाउने काम थालेको छ । हेटौंडा-१५ रातोमाटेबाट मार्किङको काम सुरु गरेको हो । निर्धारित समयमा सडक सीमाक्षेत्रमा संरचना नहटाएमा मंसिर २० गते बिहानैदेखि डोजर परिचालन गरी सडक विस्तारको काम अघि बढाइने डिभिजन सडक कार्यालयका प्रमुख गुरुप्रसाद अधिकारीले जानकारी दिए । अधिकारीका अनुसार विभिन्न ४ स्थानबाट एकैपटक डोजर चलाइनेछ ।

'१९ गतेसम्म अतिक्रमित संरचना आफैं नभत्काए २० गतेबाट अतिक्रमित संरचना भत्काउन डोजर प्रयोग हुन्छ', प्रमुख अधिकारीले भने । जिल्ला प्रशासन कार्यालय मकवानपुरले भने अतिक्रमित संरचना हटाउन सुरु भएपछि बजार क्षेत्रको मुख्य सडकमा सवारीसाधन आवागमन रोकिने र बाइपास सडक प्रयोग गर्ने गरी व्यवस्थापन थालेको प्रमुख जिल्ला अधिकारी बसन्त अधिकारीले बताए । प्रजिअ अधिकारीका अनुसार जिल्ला प्रहरी कार्यालय र जिल्ला ट्राफिक प्रहरी कार्यालय मकवानपुरले सवारी आवतजावतका लागि वैकल्पिक व्यवस्थापनको काम थालेको छ ।

मंसिर ५ गते जारी सार्वजनिक सूचनामार्फत् रातोमाटेदेखि बुद्धचोक हुँदै राप्ती पुलसम्म तथा बुद्धचोकदेखि सामरी पुलसम्म सडकको मध्यभागबाट दायाँ-बायाँ २५-२५ गजक्षेत्रभित्र पर्ने संरचना १५ दिनभित्र हटाउन सडक डिभिजन कार्यालय हेटौंडाले आग्रह गरेको छ । यसको समयसिमा मंसिर १९ गते सकिदैछ ।

बस्तीपुर-भुन्द्रुङ जोड्ने राप्तीखोला पुल उदघाटन

साझाकुरा संवाददाता

हेटौंडा, १३ मंसिर/ हेटौंडा उपमहानगरपालिका-१९ बस्तीपुरबाट मनहरी गाउँपालिका-३ भुन्द्रुङलाई जोड्ने राप्तीखोलामा १७० मिटर लामो पुल शनिबार उदघाटन गरिएको छ ।

बागमती प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्गतको पूर्वाधार विकास कार्यालयले निर्माण गरेको पुल बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँ, भौतिक पूर्वाधार विकासमन्त्री डा. दिनेशचन्द्र देवकोटा तथा १०३ वर्षीया स्थानीय वृद्धा सरस्वती अर्याले संयुक्तरुपमा उद्घाटन गरेका हुन् । उद्घाटन समारोहमा मुख्यमन्त्री बानियाँले संघीय व्यवस्थाले जनताको लागि धेरै काम गर्न थालेको चर्चा गरे । निर्वाचन घोषणा भइसकेको अवस्थामा जनताले मन परेका पार्टी र उम्मेदवारलाई स्वतन्त्ररुपमा मतदिनसक्ने अवसर लोकतन्त्रको सबैभन्दा ठुलो उपलब्धि भएको उनले बताए ।

मुख्यमन्त्री बानियाँले भ्रम फैलाउने तथा गलत काम गर्ने प्रवृत्तिलाई अब नेपालले धेरै समय सहन नसक्ने स्पष्ट पारे । राणा शासनदेखि सुरु भएको राजनीतिक यात्राले संघीय लोकतान्त्रिक गणतन्त्रसम्म आइपुग्दा अबको आवश्यकता सुधार र परिमार्जन मात्र रहेको उनको भनाई छ । यसक्रममा उनले जनप्रतिनिधिको संख्या तथा पालिकाको संख्या समायोजन गर्ने प्रस्ताव पनि प्रस्तुत गरे । मुख्यमन्त्री बानियाँले समग्र विकाससँगै जनताको जीवनस्तर उकास्न रोजगारीमुखी कार्यक्रम आवश्यक रहेको उल्लेख गर्दै कृषिजन्य उत्पादनलाई सीप, तालिम र प्रविधिसँग जोड्न स्थानीय तहलाई आग्रह गरे ।

गाउँघरमा बसोवास गर्ने युवायुवतीलाई सहलगानीमा रोजगारीमा जोड्न आगामी बजेटमार्फत प्रदेश सरकारले विशेष कार्यक्रम ल्याउने प्रतिबद्धता उनले जनाए । 'बाटो बनेपछि सुविधा पुगेको छ, उत्पादन बजारसम्म लग्न सजिलो भएको छ, अब उत्पादनलाई आधुनिक बनाउँदै आयवृद्धिमा जनतालाई जोड्नु हाम्रो जिम्मेवारी हो' मुख्यमन्त्री बानियाँले भने । राप्तीखोला पुल निर्माणका लागि लागत अनुमान ३२ करोड १२ लाख ३७ हजार २६९ रुपैयाँ रहेकोमा मूल्य अभिवृद्धि कर र कन्टिन्जेन्सीसहित २९ करोड ५९ लाख ३८ हजार ५ सय रुपैयाँमा निर्माण सम्झौता भएको थियो । काठमाडौंको हिराचन कन्स्ट्रक्सन कम्पनी प्रालिले २०८० साल वैशाख ११ गते सम्झौता गरी २०८३ वैशाख १० गतेभित्र निर्माण सम्पन्न गर्नुपर्ने भएपनि निर्धारित समयभन्दा अघि नै पुल निर्माण सम्पन्न भएको हो ।

औषधि व्यवसायी आन्दोलित:

आज एक घण्टा औषधि पसल बन्द हुने



नेपाल औषधि व्यवसायी संघ
Nepal Chemists and Druggists Association (NCDA)
केन्द्रीय कार्यालय
(नेपाल सरकारबाट स्वीकृति प्राप्त)
NCDA Central Office
P.O.Box: 1337, Chhetrapati
KATHMANDU (NEPAL)
Tel.: +977-1-5369483, 5368597
E-mail: ncdacentraloffice@gmail.com
Website: www.ncda.org.np
२०३०
In reply please quote
Our Ref. No.
President
Mr. Prakash Kumar Khandelwal
Birgunj -13, Parsa
Tel: 051-418440
IPP
Mr. Mrigendra Meher Shrestha
Chhetrapati, Kathmandu
Tel: 01-4252367, 4254005
Senior Vice President
Mr. Ram Prasad Kharel
Butwal -8, Rupandehi
Tel: 071-540478, 541968
Vice President (Import)
Mr. Ram Chandra Sharma
Chhetrapati, Kathmandu
Tel: 01-4250946
Vice President (Wholesale)
Mr. Tanka Prasad Adhikari
Pokhara, Kaski
Tel: 061-522993, 522922
Vice President (Retail)
Mr. Vam Nath Paudel
Pokhara-06, Kaski
Tel: 9846024401
प.सं. २०८२/०८३
च.नं. ८८६
मिति: २०८२/०८/०५
श्रीमान् अध्यक्षज्यू,
सम्पूर्ण प्रदेश कार्यालय
नेपाल औषधि व्यवसायी संघ।
विषय: औषधि ऐन २०३५ को दफा ११ (उपदफा ३ संशोधन र ५ खारेजी) सम्बन्धी चरणबद्ध संघर्ष कार्यक्रम बारे।
महोदय,

साझाकुरा संवाददाता

हेटौंडा, १३ मंसिर/ व्यवसाय नवीकरणमा ढिलाई गरे व्यावसायिक संस्था नै खारेज हुने व्यवस्था गरेको विरोध जनाउँदै औषधि व्यवसायी आन्दोलित भएका छन् ।

संघीय सरकारले औषधि ऐन-२०३५ मा संशोधन गरेर औषधि पसल/फर्म दर्ता नवीकरण गर्ने म्याद सकिएको भोलिपल्टदेखि शतप्रतिशत जरिवाना तथा नवीकरण नगरिएको ३१ औं दिनपछि औषधि पसल/फर्म स्वत:खारेज हुने व्यवस्था गरेपछि व्यवसायी आन्दोलित बनेका हुन् । औषधि व्यवसायी संघले मंसिर २ गते औषधि व्यवस्था विभागका महानिर्देशकमार्फत् स्वास्थ्य तथा जनसंख्यामन्त्रीको ध्यानाकर्षण गराएका थिए । औषधि व्यवसायी संघसँगै नेपाल आयुर्वेदिक औषधि व्यवसायी संघ र नेपाल पशुपंक्षी औषधि व्यवसायी संघले पनि आन्दोलनमा ऐक्यवद्धता जनाएको छ । आन्दोलनका कार्यक्रमअन्तर्गत औषधि व्यवसायीले आज (आइतबार) एक घण्टा औषधि पसल बन्द गर्ने जनाएको छ ।

औषधि व्यवसायी संघ मकवानपुरका अध्यक्ष नारायणलाल श्रेष्ठका अनुसार व्यवसाय नवीकरणमा ढिलाई हुँदा शतप्रतिशत जरिवाना र थप ढिलाई हुँदा व्यवसायको दर्ता नै खारेज हुने प्रावधान व्यवहारिक नभएको उल्लेख गरे । सरकारको ध्यानाकर्षण गराउँदा पनि सुनुवाई नभएपछि आन्दोलनका कार्यक्रम घोषणा गरिएको र आन्दोलन चरणबद्ध रुपमा अगाडि बढ्ने अध्यक्ष श्रेष्ठले बताए । केन्द्रले घोषणा गरेको आन्दोलनको कार्यक्रमअन्तर्गत् आइतबार बिहान ११ बजेदेखि १२ बजेसम्म एकघण्टा औषधि पसल बन्द रहने श्रेष्ठले जानकारी दिए ।

विद्यार्थीद्वारा रानी वनको अवलोकन

साझाकुरा संवाददाता

हेटौंडा, १३ मंसिर/ हेटौडा-६ चौघडामा रहेको रानी सामुदायिक वन उपभोक्ता समूहको विद्यार्थीद्वारा अवलोकन गरेका छन् ।

सुदुरपश्चिम विश्वविद्यालय स्कुल अफ नेचुरल म्यानेजमेन्टका तेस्रो सेमेष्टरमा अध्ययनरत विद्यार्थीले रानी वनको अवलोकन गरेका हुन् । रानी सामुदायिक वनका अध्यक्ष केशव धिताल, सदस्य पूर्णभद्र चौलागाई, कार्यालय सचिव भीमसेन पौडेल, वनहेरालु हरिचन्द्र सापकोटालगायतले समूहले गरेका विभिन्न कार्यको बारेमा जानकारी गराए ।

सहभागीलाई वनसंरक्षण, सम्वर्द्धन, संस्थागत विकास, महिला सहभागिता, आयआर्जन, गैह्रकाष्ठ वनपैदावार, सालक संरक्षण, पर्यापर्यटन, सामाजिक कार्य, समूहले प्राप्त गरेका पुरस्कारलगायतबारेमा जानकारी गराएका थिए ।

डिभिजन वन कार्यालय, मकवानपुरका वनअधिकृत बसन्तराज गौतमले रानी सामुदायिक वनले वनको क्षेत्रमा उत्कृष्ट कार्य गरेको बताए । विश्वविद्यालयका उपप्राध्यापक हेमचन्द्र जोशीको नेतृत्वमा आएको भ्रमण दलमा विश्वविद्यालयका जयर ाज जोशी, विधार्थीलगायतको सहभागिता थियो । हालसम्म यो समूहको ५ सय ७९ वटा भ्रमणटोलीले अवलोकन गरिसकेको समूहले जनाएको छ ।

कर्मचारी आवश्यकता

एक प्रतिष्ठित कम्पनीको लागि निम्न अनुसारको कर्मचारी आवश्यकता परेको हुँदा इच्छुकले तुरुन्त सम्पर्क गर्नहोला ।

पद	आवश्यक संख्या
कुक	१ जना
बेकरी म्यान	१ जना

सम्पर्क नं. ९८५५०७२१०९

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

हाम्रो कुरा

जनता सुकुम्बासी नबनाऊ

२५ मिटर विस्तारको सवालमा मकवानपुर उद्योग वाणिज्य संघले भौतिक पूर्वाधार तथा यातायात मन्त्री कुलमान घिसिङको ध्यानाकर्षण गराएको छ । हेटौंडा बजारको समग्र अवस्थासहित संघले मन्त्री घिसिङको ध्यानाकर्षण गराएको हो । संघका अध्यक्ष प्रमोदसिंह रानाभाटको नेतृत्वको टोलीले बिहिबार मन्त्रालयमै पुगी मन्त्री घिसिङलाई ध्यानाकर्षणपत्र बुझाएको थियो । मन्त्री घिसिङले हेटौंडाको सडक विस्तार यसपटक नरोकिने बताएका छन् । भेटघाटमा एडिबीसँग सरकारले सडक विस्तार गर्ने प्रण गरेको र २५ गजभन्दा धेरैको हकमा मात्र क्षतिपूर्ति रकम उपलब्ध गराउने उनले स्पष्ट पारेका छन् । उनले मेनरोड, राप्तीरोड र चौकीटोल सबैतिर भत्किने स्पष्ट पारेको छन् । २५ गजको सट्टा १६ मिटर सडक विस्तार गर्न संघले माग गर्दै आएको छ । १६ मिटर भत्काउँदा मुआब्जाको माग नगर्ने तर, २५ गज भत्काएको खण्डमा मुआब्जा दिनुपर्ने माग संघले अघि सारेको छ । यो वा त्यो बहानामा जनतालाई सुकम्बासी बनाउने कार्य सरकारले गर्न हुँदैन । सडक अतिक्रमण गरी निर्माण गरिएका स्थायी तथा अस्थायी संरचना हटाउन बिहीबारबाट रेखांकन र रङ लगाउने काम सुरु भएको छ ।

सडक बिस्तार कार्यलाई अगाडि बढाउनका लागि बुधबार गठन गरिएको विशेष टास्क टिमले कार्य सुरु गरेको हो । टिमले हेटौंडा उपमहानगरपालिका-१५, रातोमाटेबाट मार्किङको काम सुरु गरेको हो । डिभिजन सडक कार्यालयले मंसिर ५ गते १५ दिने सूचना जारी गरेको थियो । सूचनाको अवधि यही १९ मंसिरमा सकिँदै छ । यो अवधिमा संरचना नहटाएमा मंसिर २० गते बिहानैदेखि डोजर परिचालन गरी सडक विस्तारको काम अघि बढाइने सडक डिभिजन कार्यालयले जनाएको छ । विभिन्न स्थानबाट एकैपटक डोजर चलाउने रणनीतिमा रहेको सरकारी संयन्त्रले संरचना हटाउन सुरु भएपछि बजारक्षेत्रको मुख्य सडकमा सवारीसाधन आवागमन रोकिने र बाइपास सडक प्रयोग गर्नुपर्ने सूचना प्रवाह गरिरहेको छ । सडक विस्तारलाई प्रभावकारी र व्यवस्थित रुपमा अघि बढाउन जिल्ला प्रशासन कार्यालय मकवानपुरले विशेष 'टास्क फोर्स' गठन गरेको छ । टास्क फोर्समा हेटौंडा उपमहानगर पालिका, जिल्ला प्रहरी कार्यालय, नापी कार्यालय, खानेपानी व्यवस्थापन बोर्ड, वन कार्यालय, नेपाल विद्युत् प्राधिकरण, दूरसञ्चार प्राधिकरणलगायत प्रतिनिधि सदस्य छन् । सडक विस्तारका क्रममा विद्युत्, खानेपानी, टेलिफोन लगायत अत्यावश्यक सेवामा अवरोध नआओस् भनेर सम्बन्धित निकायसँग समन्वय भइरहेको जानकारी दिइएको छ । सूचनाको म्याद सकिएपछि भने संरचनाहरु बलपूर्वक हटाइने बताइएको छ । सडक विस्तारको क्रममा डोजरलगायत हेभी इक्विपमेन्ट अभाव नहोस् भनेर कार्यालय तयारीमा जुटेको छ । सडक विस्तार गर्न पहिलोचरणमा २० वटा डोजर प्रयोग गर्ने तयारी गरेको छ । यसका लागि कार्यालयले जिल्लाको विभिन्न स्थानमा रहेको डोजर तथा हेभी इक्विपमेन्ट संकलन गरिरहेको कार्यालयले जनाएको छ । आवश्यक परेको खण्डमा जनकपुर र काठमाडौंबाट थप साधन ल्याइनेछ । हेटौंडाको सडक विस्तार गर्न हेभी इक्विप्मेन्ट डिभिजन हेटौंडा तयारी अवस्थामा छ ।

डिभिजन सडक कार्यालयले १५ दिने सूचना जारी गरेसँगै हेभि इक्विप्मेन्ट डिभिजन तयारी अवस्था रहेको हो । घर भत्काउने र सडक निर्माणलगायतका कार्यका लागि आवश्यक पर्ने मेशिनरी र गाडीहरु आफूहरुसँग पर्याप्त मात्रामा रहेको हेभी इक्विप्मेन्ट डिभिजनले जानकारी दिएको छ । हेभी इक्विपमेन्ट डिभिजन हेटौंडासँग भएका लम्बुङ एक्साभेटर, ह्विल एक्साभेटर, लोडर, जेसिबी, टिपर, ट्रकलगायत मेशिन तयारी अवस्थामा रहेको र कार्यालयले जुनसुकै बेला प्रयोग गर्नसक्ने जनाएको छ । लामो समयदेखि सूचना प्रकाशनमा मात्र सीमित हुँदै आएको सडक विस्तारकार्य यसपटक भने अघि बढ्ने निश्चित छ । महेन्द्र राजमार्गअन्तर्गत् हेटौंडा-१५ रातोमाटेदेखि बुद्धचोक हुँदै राप्तीपुलसम्म तथा त्रिभुवन राजपथको बुद्धचोकदेखि सामरी पुलखण्डसम्म पर्ने सडकक्षेत्र खाली गराउने क्रममा सडक छेउका विद्युत् संरचना स्थानान्तरण गरिने भएको छ । राजमार्गको केन्द्र रेखाबाट दायाँ/बायाँ करिब २५/२५ गजभित्र पर्ने सबै संरचना स्थानान्तरण गर्नुपर्ने भएकाले सो क्षेत्रमा रहेका विद्युत् मिटरबक्स, पोल तथा अन्य उपकरण हटाइ पुन:स्थापना गर्ने प्रक्रिया अघि बढाइएको हो ।

महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

मकवानपुर प्रहरी

प्रहरी कन्ट्रोल:	१००
जिल्ला ट्राफिक:	५२०५९९
वडा प्रहरी:	५२०२९९
पशुपतिनगर इलाका:	५२०५९८
पालुङ इलाका:	६२०४६७
मनहरी इलाका:	९८५५०९०१६१
इलाका फापरबारी:	६२१९८०
इलाका भीमफेदी:	६९१४६२
इलाका ठिंगन:	९८४५२९९३८१
चौकीटोल चौकी	९७४२५५९५०१
चित्लाङ चौकी:	६९२०००
चौघडा चौकी	९८४४०५४६०४
नेवारपानी चौकी:	९७५५०००२९९
फाखेल चौकी:	९८४५०३१३९८
पदमपोखरी चौकी:	९८४५०९९७८९

एम्बुलेन्स सेवा

नेपाल रेडक्रस:	५२०७११, ९८५५०२८९५२
हेटौंडा अस्पताल:	५२०३०५
परिवार नियोजन संघ:	५२०७४५,९८४५१०४५००
मनहरी रेडक्रस:	९८४५१०५८२१
छतिवन रेडक्रस:	९८६१६२२३११
भीमफेदी रेडक्रस:	६२०६९९
पालुङ रेडक्रस:	९८१४२०७४०१
बज्रबाराही रेडक्रस:	९८४५३०२९८४
सहकारी अस्पताल:	०५७-५२६५८७, ९८४५६१९१९४
बसामाडी एम्बुलेन्स:	९८४५२९७५७९
बारुण यन्त्र:	१०१
बाल हेल्पलाइन नेपाल:	१०९८
माइती नेपाल:	५२१०५०
अपाङ्ग बाल अस्पताल	९८४५२९६४४५

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

भोलिको पात्रो

भोलि वि.सं. २०८२ मंसिर १५ गते सोमबार १ डिसेम्बर २०२५ । एकादशी, मार्ग शुक्लपक्ष । थिल्लाथ्व ११४६ ने.सं. । सूर्योदय ६:३८ सूर्यास्त ५:०६। मोक्षदा एकादशी ब्रत । विश्व एड्स दिवस । गीता जयन्ती ।

आजको राशिफल

मेष	: परीक्षामा सफलता मिल्नेछ	तुला	: धर्मकर्ममा मन जानेछ
वृष	: पढाइमा रुचि बढ्नेछ	वृश्चिक	: नयाँ मित्रसँग भेटघाट हुनेछ
मिथुन	: रिसलाई नियन्त्रण गर्नुपर्नेछ	धनु	: अधुरो काम बन्ने सम्भावना छ
कर्कट	: शुभ समाचार मिल्नेछ	मकर	: मित्रहरुबाट सहयोग हुनेछ
सिंह	: भाग्योदयको योग छ	कुम्भ	: आफन्तबाट विरोध हुनेछ
कन्या	: सहयोगी हातहरु बढ्नेछ	मीन	: पेसाबाट घाटा देखिन्छ

विद्यालय पोषण कार्यक्रम र शिक्षा प्रणाली सुधार

✍ दीपक ओली

शिक्षकहरू भित्र विद्यालयको क्यान्टिनमा चिउरा-तरकारी वा यस्तै खाजा खाइरहेका हुने । विद्यार्थी बाहिर बास्ना सुँघेर थुक निल्दै र भोकले रन्थनिँदै हिंड्नुपर्ने । अझै पनि धेरै ठाउँमा स्कूले बालबालिकाले यस्तो भोग्नु परिराखेको छ । पहाडी र हिमाली भेगमा कतिपय विद्यार्थी आजसम्म पनि १/२ घण्टा हिंडेर स्कूल पुग्छन् । स्कूलमा 'एसेम्बली' सकेर पहिलो कक्षा बस्दै भोक लागिसकेको हुन्छ बालबालिकालाई । शहरमा हुने टिफिनब्रेक वा लन्चब्रेकको सट्टामा गाउँका सरकारी विद्यालयमा हावा खाने छुट्टी हुने हो । आजभन्दा १५ वर्ष अगाडिसम्म गाउँका लगभग सबै विद्यालयका बालबालिकाले हरेक दिन पीडादायी भोकसँग साक्षात्कार गर्नुपर्ने हुन्थ्यो । अनि खाली पेटले कसरी पढ्ने होला ? कसरी सृजनशील कुराहरू गुन्ने होला ?

आफूले पढेको एक दशकपछि दोलखाको सोही स्कूलमा पढाउन भनेर गएँ, व्यवस्थापनको पढाइ शुरु गर्न भनेर । इतिहास दोहोरिन्छ भने झैं, फेरि पुरानै घटना दोहोरिएको देखें मैले । मात्र पात्र र भूमिका फेरिएको थियो । पहिला म विद्यार्थी थिएँ, २ घण्टा हिंडेर स्कूल पुग्ने म हावा खाने छुट्टीको बेलामा शिक्षकहरूले खाएको खाजाको बास्ना लिएर पानी पिउन जान्थें । धारोमा ठाडो घाँटी लगाएर हामी सबै जना पेटभरी पानी पिउँथ्यौं । अनि भलिबल खेल्न दौडने गथ्यौं, भोकलाई बिर्सन । बेलुका फेरि खाना भेट्न घरमै पुग्नुपर्थ्यो । पेटमा खाना १२ घन्टाको अन्तरालमा मात्रै पर्थ्यो । स्कूलमा पढ्न गाएका बालबालिका भोकाउँछन् भन्ने हेक्का अभिभावकहरूमा समेत नभएको हामीलाई महसुस हुन्थ्यो ।

आज म आफैं शिक्षकको भेषमा भित्र क्यान्टिनमा बसेर खाजा खाइरहेको थिएँ । बाहिर साना-साना बालबालिका भोकसँग भित्रबाट आएको खानाको बासना साटिरहेका थिए । त्यो कुराको महसुस भएपछि मैले स्कूलको खाजा खान छोडिदिएँ । अनि जबसम्म यी बालबालिकाले खाजा खान पाउँदैनन्, तबसम्म म पनि खाजा खान्नँ भनेर मनमनै अठोट गरें । स्कूलमै हुँदाखेरि त केही सम्भव हुन सकेन, तर फेरि शहर फर्केपछि भने हामी सबै मिलेर स्कूलको आलुम्नाइ गठन गऱ्यौं, सबैसँग सहयोगको अपिल गऱ्यौं । कुरा शुरु गरेको ठिक एक वर्षपछिबाट लगभग ४५० जना विद्यार्थी भएको सो स्कूलमा खाजा खुवाउन शुरु गऱ्यौं । यस क्रममा आलुम्नाइका अध्यक्ष मिलनराज तुलाधर, सल्लाहकार माधव खकुरेल, अस्ट्रेलियन स्वयंसेवक 'सु' को शुरुवाती सहयोग र प्रेरणा अनि समग्र आलुम्नाइ सदस्यहरूको सहयोगले हामीले विद्यालयका सम्पूर्ण शिक्षक र विद्यार्थीलाई खाजा खुवाउने कार्यक्रम राम्रैसँग अघि बढायौं । अभिभावकले प्रति विद्यार्थी महिनाको रु.५० वा दिनको रु.२ तिर्थे । बदलामा बालबालिकाले पेटभरी खान पाउँथे । एक जना बालकले ७ पटकसम्म थपेर खाना खाएको पनि इतिहास बन्यो ।

थामी र दलित समुदायबाट लगभग ९० प्रतिशत विद्यार्थी आउने यो विद्यालयमा कति बालबालिकाले बिहान खाना नै नखाई आएको पनि पाइन्थ्यो । कालान्तरमा विद्यार्थीको स्वास्थ्य पनि राम्रो हुने, स्कूल छोड्ने क्रम पनि निकै घट्ने र पढाइमा ध्यान केन्द्रित पनि हुने यसका फाइदाहरू देखिँदै गए । केही शिक्षकहरूको २० वर्षदेखिको ग्यास्ट्रिक पनि ठिक भयो भन्नेसम्मको दाबी आयो । यो कार्यक्रम १ वर्षभित्रमा थप ६ वटा स्कूलमा पनि फैलियो । पछि डोल्पाका केही स्कूलहरूमा पनि दिउँसोको खाना कार्यक्रम सञ्चालन भयो । तर तल्लो डोल्पाको दापुमा भएको कान्जिरोवा स्कूलले यसलाई निकै राम्रो गरी सञ्चालन गरेको छ । त्यसो त त्यस स्कूलका शिक्षकहरू यति धेरै मिहिनेती छन् कि त्यो सरकारी स्कूलको पढाइ जिल्लाभरि नै अब्बल छ ।

अहिले त प्राथमिक तह (कक्षा ५ सम्म) सरकारले नै खाजा खानको लागि केही पैसा दिन्छ । प्राथमिक तहमा सोही पैसा र त्यहाँभन्दा माथिल्लो तहको लागि अभिभावकसँग केही पैसा माग्ने हो भने जुनसुकै स्कूलले यो स्कूल खाजा कार्यक्रम सञ्चालन गर्न सक्छ । केही केही स्थानीय सरकारले विद्यार्थीलाई खाजा खुवाउने कार्यक्रम पनि चलाएका छन् । विशेष गरेर काठमाडौं महानगरपालिकाले आफ्ना ८७ वटै सरकारी विद्यालयहरूमा तुलनात्मक रुपमा स्वास्थ्यवर्धक दिवा खाजा खुवाइराखेको छ । भक्तपुर, ललितपुर लगायत अन्य केही नगर पालिकाहरूले पनि यो कामलाई महत्व दिन खोजेको देखिन्छ । उनीहरूको सोच र पहललाई साधुवाद ! कम्तीमा कक्षा १० सम्मका बालबालिकालाई खाजा खुवाउने कुरामा सरकारले लगानी गर्नै पर्छ । यो लगानीले शैक्षिक गुणस्तरमा पक्कै राम्रो प्रतिफल दिनेछ ।

आफूले खाने कचौरा र चम्चा बालबालिका आफैंले ल्याउने, आफैंले सफा गर्ने र आफ्नै ब्यागमा राख्ने हो भने धेरै काम र लगानी घट्छ । यति भएमा कुनै पनि स्कूलले यो कार्यक्रम सामान्य रूपमै सञ्चालन गर्न सक्छ । तर अहिले त कतिपय स्कूलहरूमा सरकारले दिएको पैसाले बालबालिकालाई चाउचाउ, बिस्कुट, दुनोट जस्ता हानिकारक खानेकुरा खुवाइराखेको देख्दा मन पोल्छ । स्कूलले नै जंकफुड खुवाउने भएपछि बालबालिकाको स्वास्थ्यमाथि कुन तहको खेलबाड भइराखेको छ ? अझ कतिपय स्कूलका मानिसहरूले चाउचाउ-बिस्कुट आपूर्तिकर्ताबाट कमिसन समेत लिन्छन् भन्ने सुनिन्छ । जुन ठाउँको मानिस हो त्यही माटोमा फलेको खानेकुरा उसको शरीरलाई बढी लाभदायी र सुपाच्य हुन्छ भन्ने एउटा दर्शन पनि छ । सोही अनुरुप हामीले पनि स्थानीय खानालाई नै प्रवर्धन गऱ्यौं । स्थानीय रूपमा उपलब्ध हुने कोदो, फापर, मकै जस्ता अन्नहरू अनि दाल-गेडागुडी सागपात, ईस्कूस, मुला जस्ता सबै कुरा एकैठाउँमा राखेर हामीले बाक्लो सुप बनायौं । गाउँले भाषामा यसलाई खोले भनिए पनि हामीले यसको नाम कोसु (अर्थात् कोदोको सुप राख्यौं) । केही मूलधारका मिडियाले विद्यालयमा २ रुपैयाँमा कोदोको सुप भनेर यस कार्यप्रति सहानुभूति पनि देखाए ।

बालबालिकालाई विद्यालयमा पोषणयुक्त खाना प्रदान गरिनुपर्छ भन्ने धारणा निकै पुरानो हो । सन् १७९० मा म्युनिक, जर्मनीका काउन्ट रमफर्डले गरिब बालबालिकालाई विद्यालयमा सुप र पाउरोटी दिन शुरुवात गरेका थिए । यसलाई पहिलो आधुनिक पोषण विद्यालय कार्यक्रम भनेर पनि चिनिन्छ । सन् १८६५ मा फ्रान्सले केही शहरहरूका विद्यालयमा क्यान्टिन खोलेर बालबालिकालाई खाना खुवाउन शुरु गऱ्यो । सन् १९०६ मा बेलायत र १९४६ मा अमेरिकाले देशैभरका विद्यालयमा यो स्कूल पोषण कार्यक्रम शुरुवात गरे । हाम्रै छिमेकी भारतले समेत सन् १९२५ बाटै मद्रास (हालको चेन्नई) का केही विद्यालयमा स्कूल पोषणको शुरुवात गरेको थियो ।

सन् १८५६ बाट तमिलनाडूमा त त्यहाँका मुख्यमन्त्रीले नै यस कार्यक्रमको शुरुवात गरे । पछि यही विद्यालय पोषण कार्यक्रमलाई मुख्य नारा बनाएर त्यहाँकी प्रभावशाली नेतृ जयललिताले जनताको मन जितेकी थिइन् । तमिलनाडूमा उनले निकै लामो समय शासन गरिन् । त्यसैगरी भारतकै अर्को निकै सम्पन्न राज्य केरलाले समेत स्कूल पोषणलाई निकै महत्व दिएको छ । सन् १९८४ बाट नै २२२ स्कूलमा मध्यान्न खाना कार्यक्रम ल्याएको केरलाले १९९५ बाट पूरै राज्यमा यो कार्यक्रमको शुरुवात गऱ्यो । आज भारतका यी दुवै राज्यहरू केरला र तमिलनाडू गुणस्तरीय शिक्षाको मामलामा क्रमश: नम्बर १ र २ मा छन् । साथसाथै यी दुवै राज्यका शिक्षा प्रणाली सृजनशील र प्रविधिमैत्री युवा जनशक्ति निर्माणमा पनि अग्रणी स्थानमा छन् । शिक्षाको गुणस्तर वृद्धिमा स्कूल खाना कार्यक्रमले ठूलो भूमिका खेलेको कुरा यहाँका 'एकेडेमिक रिपोर्ट' हरूले बताएका छन् (हेर्नुहोस् रामनारायनन् एट.अल., २०२४ र चक्रवर्ती र जयरामन, २०१९ का रिसर्च आर्टिकलहरू) ।

त्यसैले अब हामीले पनि विद्यालय पोषण कार्यक्रमलाई पूर्ण रूपमा अंगीकार गर्नै पर्छ । नीति निर्माणमा बस्ने दिमाग र निर्णय लेख्ने हातहरू यसमा अग्रसर हुनै पर्ने बेला आएको छ । त्यसो त सरकारी कर्मचारी र नेतृत्व तहले नै नेपालको सरकारी शिक्षा प्रणालीलाई नै मान्दैन भन्नेहरू पनि छन् । सैद्धान्तिक रूपमा भन्नु पर्दा देशको शिक्षा प्रणाली बनाउने र कार्यान्वयन गर्ने भनेका नेता र कर्मचारीहरूले नै हो । उनीहरू लगभग सबैले तिनै सरकारी विद्यालयमा नै पढेर आएका हुन् । तर उनीहरूमध्ये लगभग सबैले निजी विद्यालयमा नै आफ्ना छोराछोरीलाई पढाउने गरेका छन् । अझ शहरको कुरा गर्ने हो भने त शतप्रतिशतले नै निजी विद्यालयमा नै पढाएका छन् भन्दा फरक पर्दैन । त्यसैले पो यी दुई वर्गलाई सरकारी स्कूलको चासो कम भएको हो कि ?

हाम्रो शिक्षा प्रणालीका कमजोरीहरू के-के छन् त ? कमजोरीहरूमध्ये पनि तीनवटा कमजोरी निकै पीडादायी छन् । पहिलो त इमानदार र नैतिकवान् जनशक्तिको विकास गर्न नसक्नु हाम्रो प्रणालीको प्रमुख समस्या हो । नैतिक शिक्षा त अहिले पाठ्यक्रमबाटै हटाइएको छ । नागरिकमा इमानदारिता र कर्तव्यपरायणता घट्दै जानुमा यो पनि एउटा कारण हुनसक्छ । दोस्रोमा हाम्रो शिक्षा व्यावहारिक र उद्यममुखी भएन, जसले गर्दा हाम्रो ठूलो जनशक्ति विदेशी रोजगारीमा आश्रित छ । यी दुईवटा समस्या सरकारी र निजी दुवै शिक्षा प्रणालीका कमजोरीहरू हुन् । तर अर्को तेस्रो समस्या पनि छ जुन सर कारी शिक्षा प्रणालीमा बढी हावी छ । त्यो तेस्रो समस्या हो देशको सबैभन्दा धेरै स्रोत लगानी भएको नेपालको शिक्षा प्रणालीमा कसैको पनि विश्वास र सम्मान छैन । कारण एउटा मात्र छ, त्यो हो त्यहाँ उपलब्ध हुने शिक्षाको गुणस्तर, जुन आम मानिसले भने अनुसार निकै कमसल छ ।

सरकारी शिक्षाको गुणस्तर कति अब्बल वा कमसल त्यस कुराको लेखाजोखा गर्नु यो आलेखको उद्देश्य होइन तर किन नेपालको सरकारी शिक्षा प्रणाली राम्रो बन्न सकेन र यसको सुधार गर्न के गर्नुपर्ला भन्ने कुराको छलफल गर्ने प्रयास यो आलेखले गर्नेछ । शुरुमा केही कमजोरीहरूको चर्चा गरौं ।

१) गरिब तथा निमुखाको स्कूल

हुने-खानेलाई सरकारी विद्यालयको गुणस्तरको बारेमा कुनै चासो नै नभएपछि हुँदा खानेले चासो लिएर के हुन्छ ? फेरि उनीहरूको कुरा कसले सुनिदिन्छ र ? किताब, कापी र ब्याग भिराइदिएर स्कूल पठाउने क्षमता नभएको वर्गले कसरी उठाउन सक्छ गुणस्तरको सवाल ? त्यो पनि पढेलेखेका शिक्षक भएको विद्यालयमा गएर ? उनीहरूलाई त आफ्ना बालबालिकालाई स्कूल पठाउनु नै महाभारत छ । त्यसैले सरकारी स्कूलमा पढाए पनि, नपढाए पनि, स्कूलमा शिक्षक आए पनि नआए पनि वा सरकारी स्कूलका शिक्षक हाजिर गरेर पार्टी वा एनजिओको काममा खटिए पनि आवाज उठाउन सक्ने कोही छैन ।

२) कर्मचारीलाई भ्रष्टाचारी बनाउने अप्रत्यक्ष माध्यम

सरकारी शिक्षा प्रणाली कमजोर हुनुले नेपालमा सार्वजनिक सेवामा कार्यरत कर्मचारीलाई भ्रष्टाचारी बनाउनमा ठूलो सहयोग गरिराखेको देखिन्छ । निजी विद्यालयमा दुई जना बालबालिकालाई पढाउनुपऱ्यो भने सरकारी कर्मचारीको सबै तलब त्यसमै खर्च हुनजान्छ । अनि बसोबास, खानापिना, स्वास्थ्य-उपचार लगायत अरू आधार भूत खर्च कहाँबाट जुटाउने ? उनीहरूले आफ्ना सन्तानलाई अलि चलेका निजी विद्यालयमा पढाउने हो भने 'दायाँ-बायाँ' नगरी जीवन निर्वाह हुन सक्दैन ।

त्यसैले शिक्षामा गर्नुपर्ने लगानीको तनावले सरकारी कर्मचारीलाई भ्रष्टाचारको 'क', 'ख' सिकाउन मद्दत गर्छ । सिक्दै गएपछि ठूलो पदमा पुगेर ठूला ठूला तर मार्ने कुरा त छँदैछ । सरकारी सेवाको तलब कम त्यसमाथि धेरैजसो निजी विद्यालयको शुल्क आकाश छुने खालको । कतिपय निजी विद्यालयका तारे होटल जस्ता भवन देख्दा नै थाहा हुन्छ उनीहरूको शुल्क स्तर कस्तो र राज्यको अनुगमन कस्तो भन्ने कुरा ? त्यसैले त भनिन्छ कर्मचारीलाई भ्रष्टाचारी बनाउने पनि शिक्षा प्रणाली र आर्थिक हमलाबाट जनताको ढाड सेक्ने पनि शिक्षा प्रणाली ।

३) नीतिनियम बनाउनमा स्वार्थ समूह र बिचौलियाको भूमिका

ठूला स्तरका निजी विद्यालयका लगानीकर्ता र सञ्चालक प्राय:जसो नेताका आसेपासे र पहुँचवाला नै देखिन्छन् । यसो हेरि ल्याउने हो भने नेता र पार्टीको आशीर्वाद पाएर नै ती स्कूलहरू सानाबाट पाँच तारे होटल जस्ता भव्य र ठूला भएका हुन् । अनि कसरी आउँछ आम मानिसका लागि राम्रो हुने कानून र नीति-नियम ? सरकारी विद्यालयको गुणस्तर सुधार गर्न र निजीस्तरलाई नियमन गर्नको लागि सुहाउँदो कानून नबनाउनु नीतिगत भ्रष्टाचार हो । किनकि सरकारी विद्यालय सुनिसाथ निजीको बजार घट्न जान्छ । २०४७ पछिका सत्तामा आसीन पार्टीका नेताहरूले धेरै माया गरेका व्यवसायीहरूमा निजी विद्यालयका सञ्चालकहरू पनि पर्छन् । शुल्कमा नियमन वा सरकारी शिक्षालाई राम्रो बनाउने हो भने प्रत्यक्ष घाटा आफैंलाई पर्ने । आफ्नै कार्यकर्ता र सहयोगीको मन कुडिने, आफ्नै स्रोतहरू खुम्चिने । अनि किन नदुखेको टाउको दुखाउनतर्फ लाग्ने ?

४) दलीयकरणको कुरुप अभ्यास

नेपालमा २०४७ पछि अभ्यासमा आएको दलीयकरणको सबैभन्दा कुरूप छायाँ नै शिक्षा क्षेत्रमा परेको छ । दलीयकरणको सर्वव्यापकता यस्तो छ कि समाजमा कोही पनि पार्टीको कार्यकर्ता वा पहिचान नबोकी टिक्नै नसक्ने अवस्था छ । जब शिक्षकहरूलाई राजनीतिक विचार बोक्न पाउने स्वतन्त्रताको नाममा प्रत्यक्ष रूपमा राजनीति गर्न र झन्डा बोकेर हिंड्न पाउने अभ्यास शुरु गरियो, त्यसपछि नेपालको शिक्षा क्षेत्र दलीयकरण र राजनीतीकरणले अभिशप्त र धुमिल हुनपुग्यो । हो, इतिहासको कुनै कालखण्डमा शिक्षित नागरिकको हिसाबले शिक्षकले पनि राजनीति गर्नु र जनतामा चेतना जगाउनु महत्वपूर्ण थियो होला । तर त्यही जसको जगमा सर्धैभरि शिक्षा प्रणालीलाई नै नेताहरूको अभीष्ट पूरा गर्ने र दलीयकरण गर्ने निरन्तरता दिनुहुँदैनथ्यो ।

दलीयकरणले सरकारी शिक्षालाई यति धेरै नकारात्मक प्रभाव परेको छ कि कतिपय शिक्षकहरू नेतृत्वको आशिषले जागिर खान्छन्, परीक्षा पास नगरी स्थायी हुन्छन्, काम नगरी तलब खान्छन्, पढाउन छोडेर ठेक्का-पट्टा गर्छन् र अन्त्यमा राजनीति गरेर आफैं नेता बन्छन् । यो सब शिक्षा क्षेत्रमा भएको चरम दलीयकरणको नतिजा हो । यो दलीयकरणले शिक्षा क्षेत्रलाई यति धेरै सताएको छ कि धेरै जस्तो सरकारी विद्यालयमा प्रधानाध्यापकले आफ्ना मातहतका शिक्षकहरूलाई कुनै किसिमको निर्देशन समेत दिन सक्दैनन् । तपाईं यहाँ जानुस् वा नजानुस् समेत भन्न सक्दैन । त्यसो त सबै शिक्षक यस्तै हुन्छन् भन्न खोजिएको होइन तर पनि दलीयकरणको जगजगीमा पार्टीका कार्यकर्ता बनेका शिक्षकले यस्तै गरेको देखिन्छ ।

अर्कोतिर शिक्षकको तेजोबध गर्ने, शिक्षण पेशालाई समाजका अरू पेशाभन्दा तल्लो स्तरको सेवा-सुविधा दिने, शिक्षकलाई सम्मान नगर्ने संस्कार, शिक्षकको नियमित रूपमा स्थायी भर्ना नखुल्ने जस्ता कैयौं समस्या भएर पनि शिक्षकको मनोबल कम हुनगई पठनपाठन गुणस्तर घटेको पनि अर्को कटुसत्य हो ।

सुधारको पहिलो कदम

सरकारी शिक्षा प्रणालीलाई सुधार गर्ने हो भने सबैभन्दा पहिलो कदम भनेको सर कारी-अर्धसरकारी कर्मचारी र नेताले आफ्ना बालबालिकालाई सरकारी विद्यालयमा राख्ने व्यवस्था गर्ने हो । नेताले चुनावमा नाम दर्ता गर्नु अगाडि नै आफ्ना सन्तान सरकारी विद्यालयमा पढिराखेको पत्र पेश गर्नुपर्ने र अन्य कर्मचारीले पनि सोही खालको पत्र पेश गर्नुपर्ने बाध्यकारी व्यवस्था गर्नुपर्छ । अर्कोतिर 'शिक्षण संस्था छान्न पाउने अधिकार हनन् गर्न सकिँदैन' भन्ने पनि छन् । हो पनि । फेरि दुई जना अभिभावक मध्ये एक जनाले मात्रै सरकारी जागिर खाएको अवस्थामा अर्को अभिभावकले 'म मेरा सन्तानलाई निजी विद्यालयमा पढाउन चाहन्छु' भन्दछ भने त्यसमा कसरी हस्तक्षेप गर्न सकिन्छ र ! भनेर प्रश्न उठाउनेहरू पनि छन् । हो, यस्तो प्रश्नले राज्यलाई सोच्न बाध्य पार्छ भने पनि सरकारी विद्यालयमा आफ्ना सन्तानलाई पढाउने कर्मचारीलाई विशेष खालको भत्ताको व्यवस्था गरिनुपर्छ, जसले गर्दा उनीहरूलाई सरकारी विद्यालयमा पढाउनतिर आकर्षण पैदा होस् । तर यसो गर्दा रोजगारी पाइसकेका व्यक्तिलाई नै राज्यले झन् सुविधा दिन खोजेको भन्ने आरोप पनि लाग्न सक्छ । यस्तो आरोपबाट पनि बच्ने एउटा उपाय छ, त्यो हो सरकारले सुविधा वा तलब बढाउँदा सरकारी स्कूलमा आफ्ना बालबालिकालाई पढाउने कर्मचारीलाई मात्र त्यस्तो तलब वृद्धि गर्न सकिन्छ । यसो गरेमा सरकारी स्कूलमा आफ्ना छोराछोरी पढाउने सरकारी कर्मचारी र नेताहरूको संख्या उल्लेख्य रूपमा बढ्नेछ ।

यसो हुन सक्यो भने नेता र कर्मचारीलाई बेफाइदा हुने होइन कि वास्तवमा झन् फाइदा चाहिं हुनजान्छ । किनकि सरकारी विद्यालयको पढाइ आफैं सुनि लाग्छ र सन्तानको शिक्षाको लागि गर्नुपर्ने अनावश्यक लगानी स्वाट्टै घट्छ । खासमा नेपालको शिक्षा प्रणाली पनि सुने र भ्रष्टाचारको एउटा कारक तत्व (सन्तानको राम्रो शिक्षाको लागि जसरी पनि पैसा जुटाउने) पनि विलीन भएर जान्छ । राज्यले यो नीति ल्याउन सक्यो भने दुईधारे तरबार जस्तो गरी शिक्षा क्षेत्र पनि सुधार हुँदै जान्छ र भ्रष्टाचार पनि निकै घट्न सक्छ । राज्य प्रणालीका प्रमुख शक्तिहरू नेता र कर्मचारीहरूले हरदम खबर दारी गर्ने हो भने सरकारी विद्यालयको गुणस्तर क्रमश: आफैं सुदै जान्छ । खासमा यो प्रभावशाली वा नियमनकारी निकायका व्यक्तित्वलाई स्कूलको सरोकारवाला पक्षमा बदल्ने बनाउने प्रभावकारी तरिका हो । नेपालको शिक्षालाई कसरी व्यावहारिक, सिर्जनशील र उद्यममुखी बनाउने भन्ने अर्को जटिल प्रश्न छ । तर त्यसलाई पनि एक-एक गरी साना-साना एजेन्डामा विभक्त गरेर हेरियो र सोही अनुसारको पाठ्यक्रममा सुधार र मानव संसाधनको विकास गरियो भने विस्तारै नतिजामुखी हुँदै जान सक्छ ।

यस विषयमा कार्य-कारण सम्बन्धको सिद्धान्तमा रहेर हेरियो भने पनि केही तौर-तरिका वा जुक्तिहरू पत्ता लाग्न सक्छन् । जस्तो कि हामी आफैंलाई जे कुराको आवश्यकता छ, त्यही कुरामा मानव शक्तिको विकास गर्ने खालको पाठ्यक्रम बनाउने । हामीलाई सूचनाप्रविधिको जनशक्ति चाहिएको छ भने त्यही अनुसारको पाठ्यक्रम विकास गर्ने । हामीलाई सफासुग्घर र फोहोर व्यवस्थापन गर्ने कर्मचारी र विज्ञ चाहिएको छ भने त्यही अनुसारको पाठ्यक्रम तयार गर्नुपऱ्यो । हामीलाई खाना प्रशोधन उद्योगमा काम गर्ने जनशक्ति चाहिएको छ भने सोही अनुसारको शिक्षा दिनुपऱ्यो । तर हाम्रो दिशाहीन शिक्षा प्रणालीले कुनै पनि प्राविधिक ज्ञान र सीप दिनसकेको देखिँदैन । यही कारणले गर्दा नेपाली युवाहरूले अरबमा आफ्ना पाखुरा र पसिना बेच्नु परेको हो, त्यो पनि ज्ञान र सीपविहीन श्रमिकको रूपमा ।

लेख्नुपर्ने कुराहरू अरू धेरै हुनसक्छन् । यद्यपि शिक्षा क्षेत्रको सुधारको लागि निम्न बुँदाहरू पेश गर्दै यो आलेखको बिट मार्ने अनुमति चाहन्छु :

१) निजी विद्यालयले जति पायो त्यति पैसा उठाउन नपाउने नीति त बनेकै छ तर यसको कार्यान्वयन हुनुपऱ्यो ।

२) हरेक निजी विद्यालयले महँगो शिक्षा सञ्चालन गरे बापत गरिब विद्यार्थी र सरकारी विद्यालयलाई योगदान गर्नुपर्छ । त्यसो त महँगा विद्यालयमा पढाउने अभिभावकले समेत त्यो कोषमा योगदान गर्नुपर्छ । किनकि बढी पैसा लिन-दिन सक्ने क्षमता पनि यही गरिब देशबाट बनाएका हुन्, त्

सुदूरपश्चिम प्लेअफमा, जनकपुरले भेट्टाउन सकेन लय

काठमाडौं/सिद्धार्थ बैंक नेपाल प्रिमियर लिग (एनपीएल) क्रिकेटको पहिलो संस्करणमा विजेता भएको जनकपुर बोल्ट्स र उपविजेता सुदूरपश्चिम दोस्रो संस्करणमा ठीक विपरीत लयमा छन् । गत संस्करण शानदार प्रदर्शन गरेपनि फाइनलमा चुक्दा उपविजेतामा सीमित भएको टोली सुदूरपश्चिम रोयल्स दोस्रो संस्करणमा पनि प्लेअफमा पुग्ने पहिलो टोली बनेको छ । अर्कोतर्फ जनकपुर भने ४ खेलसम्म जितविहीन रहेर प्रतियोगिताबाट बाहिरिने पहिलो टोली हुने संघारमा छ ।

शनिबार भएको खेलमा साविक विजेता जनकपुरमाथि ६ विकेटको जित निकाल्दै सुदूरपश्चिम लगातार ५ खेल जितेर प्लेअफमा स्थान बनाउन सफल भयो । जनकपुर भने लगातार चौथो खेलमा पराजित भयो । पहिलो खेलदेखि ५ खेल खेल्दासम्म धेरै परिवर्तन नगरेको सुदूरपश्चिम सन्तुलित देखिँदा धेरै परिवर्तन र परीक्षण गरिरहेको जनकपुरले भने अझै लय भेट्टाउन सकेको छैन ।

जनकपुरले आज नियमित कप्तान अनिल साहलाई नै बेन्चमा राख्दै विदेशी खेलाडी वायन पार्नेललाई कप्तानी दिएको थियो । उनको पछिल्लो प्रदर्शन पनि सन्तोषजनक हुन नसकिरहेका बेला बाहिर राख्नुको कारणबारे भने ब्याटिङ प्रशिक्षक अनिल मन्डलले हल्का चोटका कारण नखेलाइएको बताए । 'उनलाई हल्का रेस्ट पनि दिइएको हो, मैले थाहा पाएअनुसार सानो इन्जुरी पनि रहेछ ।पार्नेल अनुभवी भएर उनलाई कप्तानी दिइएको हो ।'

जेजस्तो कारणले टिम परिवर्तन गरिएको भएपनि जनकपुरले नतिजा भने परिवर्तन गर्न सकेको छैन । अब ३ खेल मात्र खेल्न बाँकी जनकपुरले सबै खेल जितेर पनि विश्वस्त नहुने अवस्थामा पुगिसकेको छ । जनकपुरलाई सबै खेल जितेर अन्य नतिजा पनि आफू अनुकुल आउनुपर्ने छ ।

सुदूरको शान कायमै

पहिलो संस्करणदेखि नै गीतमार्फत 'मैदानमा तुफान, सुदूरको शान' घन्काउँदै आएको सुदूर पश्चिमले मैदानमा पनि सोही किसिमको प्रदर्शन गर्दै शान कायमै राखेको छ । शनिबार साविक विजेता जनकपुरसँगको खेलमा टस हारेर पहिले फिल्डिङ गरेको सुदूरले जनकपुरलाई मध्यम योगफलमै रोकेर लक्ष्य पूरा गऱ्यो ।

टस जितेर ब्याटिङ गरेको जनकपुरले २० ओभरमा ८ विकेट गुमाएर १४५ रन बनाएको थियो । जवाफमा खराब सुरुवातका बाबजुद संयमित ब्याटिङ गर्दै सुदूरले खेल जित्यो । बलिङमा सुदूरका अविनाश बोहराले ४ विकेट लिएर जनकपुरलाई केही कम योगफलमा रोके । १० ओभरको समाप्तिमा ५५-३ को अवस्थामा रहेको जनकपुर १५ ओभर सकिँदा ११२-३ को अवस्थामा थियो र क्रिजमा सञ्जय कृष्णमुर्ती सेट भएर खेलिरहेका थिए ।

सञ्जयले जनकपुरलाई १६० भन्दा माथिको योगफल बनाउने गरी खेलिरहेका थिए तर अर्धशतक बनाएर सञ्जय आउट भएपछि जनकपुरका लागि कसैले पनि राम्रो फिनिसिङ गर्न सकेनन् । जनकपुरले अन्तिम ५ ओभरमा ३३ रन मात्र जोड्न सक्यो र ४ विकेट गुमायो । जनकपुरको फिनिसिङमा ब्रेक लगाउन अविनाश बोहराले ४ विकेट लिए भने त्यसअघि टप अर्डरलाई स्कट कुग्लेइनले दबाबमा राखेका थिए । स्कटले ३ विकेट लिए ।

जवाफी ब्याटिङमा उत्रिएपछि दुई अस्ट्रेलियन पावर हिटर लाई चाँडै गुमाएपछि सुदूरपश्चिम ठूलो दबाबमा आएको थियो । १ रन मात्र जोड्दा जोश ब्राउन र क्रिस लिन आउट भएपछि विनोद भण्डारी र इशान पान्डे मिलेर तेस्रो विकेटका लागि ९१ रनको साझेदारी गरे । विनोद ४१ रन बनाएर आउट भएपछि इशानले अर्धशतक बनाए । ५४ रनमा इशान आउट भएपछि हर्मीत सिंहले ३ छक्का र १ चौका प्रहार गर्दै सुदूरलाई जिताए ।

खेल जिताउन विनोद र इशानको साझेदारी नै निर्णायक रह्यो । इशान प्लेयर अफ द म्याच समेत घोषित भए । खेलपछि कुरा गर्दै सुदूरपश्चिमका अविनाश बोहराले ५ वटै खेल जित्न पाउँदा धेरै हर्षित भएको बताए । 'राम्रो भइरहेको छ टिमबाट, नेपाली खेलाडीहरूबाट पनि राम्रो प्रदर्शन हुँदा खुसी लागेको छ' उनले भने, 'आफ्नो प्रदर्शनबाट पनि योगदान दिन पाएँ, सोचेको जस्तै भइरहेको छ ।'

अविनाशले टिमको माहोल पनि राम्रो भएको र विदेशी मात्र नभएर नेपाली खेलाडीबाट पनि राम्रो प्रदर्शन हुने किसिमले योजना बनिरहेको बताए ।

जनकपुरले भेट्टाउन सकेन लय

साविक विजेता जनकपुर बोल्ट्सले भने यस संस्करणमा लय समात्नै मुस्किल भएको देखिएको छ । ब्याटिङ र बलिङ दुवैमा कमजोर प्रदर्शन गर्दा जनकपुरले एक खेल पनि जित्न सकेको छैन । सुदूर सँगको खेलमा डिफेन्ड गर्न सक्ने योगफल बनाएको भएपनि बलरहरूबाट फितलो प्रदर्शन रहँदा दबाब सिर्जना गर्न सकेन । सुरुवातमै २ विकेट लिएको भएपनि जनकपुर ले खेलमा पकड जमाउन सकेन ।

अर्कोतर्फ जनकपुरले निरन्तर परीक्षण पनि गरिरहेको छ जसका कारण टिम सन्तुलित बन्न सकिरहेको छैन । जनकपुर अब लिग चरणबाटै बाहिरिने संघारमा छ । खेलपछि कुरा गर्दै जनकपुरका ब्याटिङ प्रशिक्षक अनिल मन्डलले चाहेजस्तो हुन नसकिरहेको बताए । 'हामीले गर्न खोजेको जस्तो भइरहेको छैन, ब्याटिङमा हामी पछाडि परिरहेका छौं' उनले भने, 'अघिल्लो खेलहरूमा पनि बलिङ राम्रो हुँदा ब्याटिङ चल्न सकेन ।'

मन्डलले टिम बाहिरि नसकेको अवस्थामा अब बाँकी खेलमा राम्रो गरेर प्लेअफमा पुग्न प्रयास गर्ने बताए ।

लुम्बिनीले जगायो आशा

शनिबार नै भएको पहिलो खेलमा लुम्बिनी लायन्सले पोखरा एभेन्जर्समाथि अन्तिम ओभरमा जित निकाल्दै दोस्रो जित हासिल गऱ्यो । ५ खेलमा २ जित निकालेको लुम्बिनीले अब प्लेअफ पुग्नका लागि आशा जगाउँदा पोखरा एभेन्जर्स भने कमजोर देखिएको छ ।

पोखराले दिएको १५१ रनको लक्ष्य लुम्बिनीले २ बल बाँकी छँदा पूरा गऱ्यो । लुम्बिनीको जितमा कप्तान रोहित पौडेलले मिडल अर्डरमा संयमित ब्याटिङ गरे भने आजै टोलीमा आएका श्रीलंकन ब्याटर निरोशन डिक्वेलाले ३७ रनको महत्वपूर्ण इनिङ खेलेका थिए । बलिङ र फिल्डिङमा फितलो प्रदर्शन गर्दा पोखराले भने खेल जित्न सकेन । बलिङमा बिपिन खत्रीबाहेक अन्य बलर महँगो साबित भइरहेका छन् र दबाबपूर्ण बलिङ गर्न सकिरहेका छैनन् ।

आजको जितपछि लुम्बिनीको ५ खेलबाट ४ अंक भएको छ र अब २ खेल खेल्न बाँकी छ । पोखराले ४ खेलमा २ अंक जोडेको छ र ३ खेल खेल्न बाँकी छ । दुवै टोली बढीमा ८ अंकसम्म पुग्न सक्छन् । लुम्बिनीका सहायक प्रशिक्षक सुवास खकुरेलले दुवै खेल जितेर प्लेअफमा पुग्ने विश्वास राखेका छन् । 'अझै २ खेल बाँकी छ, त्यो जित्यौं भने प्लेअफमा पुग्न सकिन्छ' सुवासले भने, 'टिम राम्रो लयमा छ, दुई खेल जितेर प्लेअफमा पुग्नेछौं ।'

यता पोखराका जिमी नीशमले भने निराशाजनक प्रदर्शन भएको बताए । 'पहिलो इनिङमा च्यालेन्जिङ देखिएको छ तर पनि योगफल राम्रो नै थियो, बलिङमा धेरै रन खर्चियौं' उनले भने । नीशमका अनुसार टिमले बाँकी ३ खेलमा राम्रो खेलेर कमब्याक गर्ने र प्लेअफमा पुग्ने सम्भावना कायमै रहेकाले आशावादी रहेको बताए । नीशमले भने आज एनपीएल २०२५ को अन्तिम खेल खेलेका थिए । उनी अब आईएल टी-२० खेल्न यूएई गएका छन् ।

(स्रोत: अनलाइनखबर)

महेश बाबूले छाडेका फिल्म: 'गजनी'देखि 'कथ्थी'सम्म

काठमाडौं/तेलुगू सुपरस्टार महेश बाबूलाई बक्स अफिसको 'हिट मेशिन' भन्ने गरिन्छ । कारण- उनले अभिनय गरेका प्राय: फिल्म व्यावसायिक रूपमा सफल छन् । तेलुगू फिल्ममा मात्रै काम गरे पनि उनको लोकप्रियता हिन्दी भाषी क्षेत्रमा पनि असाधारण देखिन्छ । यही कारण उनका प्राय: फिल्म हिन्दीमा डब गरिएका छन् । केही फिल्मको हिन्दी रिमेक समेत बनेका छन् ।

३० बढी फिल्ममा काम गरिसकेका उनले आफ्नो करिअरमा केही यस्ता फिल्म पनि छाडेका छन्, जुन पछि ब्लकबस्टर भए । साउथको सुपरहिट फिल्म 'गजनी' सुरुमा उनलाई अफर गरिएको थियो । तर, उनले काम गर्न इन्कार गरेपछि निर्माताले अभिनेता सूर्यालाई अनुबन्ध गरे । यो फिल्मको हिन्दी रिमेक समेत ब्लकबस्टर भएको थियो, जसमा आमिर खानले अभिनय गरेका थिए ।

सामन्था अक्किनेनी र नागा चैतन्य स्टारर फिल्म 'ये माया चेस्वा'मा पनि अभिनयको प्रस्ताव पहिला महेश बाबूलाई गरिएको थियो । तर, उनको समय नमिल्दा फिल्ममा नागा भित्रिए । प्रभास अभिनीत सुपरहिट फिल्म 'वर्षम'का लागि पनि महेश पहिलो रोजाइ थिए । तर, उनले कथा मन नपरेको भन्दै काम गर्न अस्वीकार गरे । यही फिल्मले प्रभासको स्टारडम उचाइँमा पुऱ्यायो ।

थलापथी विजय अभिनीत फिल्म 'कथ्थी'का लागि पनि पहिलो रोजाइ महेश थिए । तर, उनले यसमा काम गर्न रुचि देखाएनन् । सूर्या स्टारर फिल्म '२४' पनि सबैभन्दा पहिला उनलाई नै अफर गरिएको थियो । तर, उनले स्क्रिप्ट चित्त नबुझेपछि काम गरेनन् । फिल्म 'रुद्रामादेवी'मा अल्लू अर्जुनले निभाएको भूमिकामा पनि उनले काम गर्न अस्वीकार गरेका थिए ।

उनलाई अफर भएको अर्को फिल्म 'मानासांथा नुवे' पनि हो । यो फिल्म उनले त्यो समयमा छाडेका थिए, जतिबेला उनी करि अरको सुरुवाती दिनमा थिए । उनले काम गर्न अस्वीकार गरेपछि फिल्ममा उदय किरणको प्रवेश भएको थियो । 'पुष्पा', 'एनिमल', 'अ आ', 'फिदा', 'इडियट', 'रावायण', 'लिडर' जस्ता फिल्म पनि उनले अस्वीकार गरेको बताइन्छ ।

आना शर्मा स्टारर 'रमिताको पिरती' को टिजर सार्वजनिक

काठमाडौं/आना शर्मा स्टारर फिल्म 'रमिताको पिरती' को टिजर सार्वजनिक भएको छ ।

फिल्मको शीर्ष भूमिकामा आना देखिएकी छिन् । उनीसहित टिजरमा धीरज मगर, समीर श्रेष्ठ र विनय श्रेष्ठलाई पनि देख्न सकिन्छ ।

गायक समेत रहेका समीरले यो फिल्मबाट अभिनय करिअर थालेका छन् । टिजरमा आनाको भूमिकामा विविधता देखिन्छ । उनलाई प्रेम, रोमान्स, खुसी, दु:ख र ब्रेकअपका मुडमा प्रस्तुत गरिएको छ ।

फिल्मले एउटा युवतीको सम्बन्ध र महसुसको कथा चित्रण गरेको बुझ्न सकिन्छ । युवतीको मनोविज्ञानबाट फिल्मको कथा भनिएको छ ।

सेरो फिल्मस्को प्रस्तुतिमा बनेको फिल्मलाई सुदीप्तले निर्देशन गरेका हुन् । पटकथा लेखन पनि उनैले गरेकी हुन् ।

भ्यालेन्टाइन्स डेको अवसरमा २३ माघमा फिल्म प्रदर्शन हुने जनाइएको छ । निर्माता सागर लम्साल हुन् ।

घरजग्गा व्यवसायीले हदबन्दीभन्दा बढी जग्गा बिक्री गर्न पाउने गरी भूमि अध्यादेश

काठमाडौं/सरकारले भूमिसम्बन्धी अध्यादेश स्वीकृत गर्दै अपार्टमेन्ट तथा हाउजिङ कम्पनीले हदबन्दीभन्दा बढी जग्गा बिक्री गर्न पाउने व्यवस्था गरेको छ । यसअघि विवादमा आएको भूमिसम्बन्धी विधेयकमा उल्लेख भएकामध्ये जग्गा तथा आवास व्यवसायीलाई हदबन्दी छुट दिने व्यवस्था मात्रै संशोधन गर्दै सरकारले भूमि अध्यादेश स्वीकृत गरेको हो ।

८ मंसिरको मन्त्रिपरिषद् बैठकले स्वीकृत अध्यादेश प्रमाणीकरणका लागि राष्ट्रपति कार्यालय पठाएको एक मन्त्रीले संचारकर्मीलाई जानकारी दिए । यसअघि घरजग्गा व्यवसाय गर्न अनुमति लिएको कम्पनीलाई हदबन्दीभन्दा बढी जग्गा राख्न भूमि ऐनमा २०७६ सालमै भएको आठौं संशोधनले नै अनुमति दिएको थियो । हदबन्दीमा छुट दिइए पनि त्यसभन्दा बढी जग्गा बिक्री वितरण गर्ने अनुमति भने भूमि ऐनले दिएको थिएन ।

त्यसमा परिवर्तन गरी 'घरजग्गा व्यवसाय गर्न अनुमति लिएको कम्पनीले सूचित आदेशले तोकेको हदभित्रको जग्गा प्रचलित कानुन बमोजिम जग्गा विकास गरी घडेरी वा त्यस्तो घडेरीमा घर निर्माण गरी बिक्री गर्न सक्ने' व्यवस्था अध्यादेशले गरेको छ ।

सूचित आदेश भनेको सरकारले बनाएको नियम हो । त्यो आदेशले उपत्यकामा ५० रोपनी, पहाडमा १ सय रोपनी र तराईमा २० बिघाभित्र उनीहरूले लिएको नम्बरी जग्गाभित्र हाउजिङ निर्माण गरेर सरकारको अनुमति लिएरमात्र बेच्न पाउने भनेको छ ।

तर, त्यसरी घरजग्गा विकास गर्दा सामूहिक उपयोगका लागि छुट्याइएको जग्गा धितो बन्धक राख्न, बिक्री गर्न नपाउने व्यवस्था पनि यो अध्यादेशमा छ ।

घरजग्गा व्यवसाय गर्ने अनुमति लिएको कम्पनीको मुख्य काम नै घरजग्गा विकास र बिक्री वितरण गर्ने हुने हुनाले त्यस्तोमा हदबन्दीभन्दा बढी जग्गा राख्न र बिक्री वितरण गर्न पाउनुपर्ने माग लामो समयदेखि व्यवसायीले गर्दै आएका थिए । सरकारले त्यही माग सम्बोधन गरेको हो ।

यस्तो अनुमति नपाउँदा घरजग्गा विकास कम्पनीसँग अपार्टमेन्ट एवं घर किनेका हजारौं जनताले त्यस्तो घर अपार्टमेन्ट पास गर्न पाएका थिएनन् । हदबन्दीका कारण बिक्री हुन नसकेका हाउजिङ तथा अपार्टमेन्ट बिक्री वितरण गर्न पाउने र खरिदकर्ताले आफ्नो नाममा पास गरी लालपुर्जा पाउने बाटो खुल्ने ती मन्त्रीले बताए ।

यसअघि नै घरजग्गा व्यवसाय गर्ने अनुमति लिएको कम्पनीको नाममा रहेको हदबन्दीमाथिको जग्गामा घडेरी वा घर निर्माण गरी बिक्री गर्न सक्ने व्यवस्था पनि ऐनको १२ (छ) को उपदफा ४ मा लेखिएको छ । तर, यो उपदफामा प्रतिबन्धात्मक व्याक्यांश राख्दै 'घर जग्गा व्यवसाय बाहेक अन्य प्रयोजनका लागि प्राप्त गरेको वा स्वीकृति लिएको जग्गा यस उपदफा बमोजिम बेचबिखन गर्न पाइने छैन' भनिएको छ ।

यस्तो अवस्थामा उद्योग, कृषि वा अन्य व्यवसायका लागि भनेर हदबन्दीभन्दा बढी जग्गा कसैले राखेको रहेछ भने त्यस्तो जग्गा प्लटिङ गरी बिक्री वितरण गर्न पाइँदैन । हदबन्दी कारण देखाउँदै सम्पत्ति बिक्रीमा रोक लगाउँदा व्यवसायीको करिब २ खर्ब बराबरको सम्पत्ति 'होल्ड' भएको जग्गा तथा आवास व्यवसायी महासंघले जनाएको छ । हदबन्दीका कारण व्यवसायी र ग्राहकमाथि लगानी गर्ने बैंकहरूलाई परेको समस्या समेत समाधान हुने महासंघले जनाएको छ ।

(स्रोत: अनलाइनखबर)

पुस मसान्तभित्र महाधिवेशन गर्न देउवा सहमत, निधि र सिटौलाको विमति

काठमाडौं/महाधिवेशन मितिले किचलो झेलिरहेको नेपाली कांग्रेसको भोलिलाई तय भएको केन्द्रीय कार्यसमितिको बैठक फेरि सरेको छ । महाराजगञ्जमा सभापति शेरबहादुर देउवासँग भएको छलफल निष्कर्षविहीन भएपछि बैठक सारिएको हो ।

मुख्य सचिव कृष्णप्रसाद पौडेलले बैठक पर्सि सोमबारका लागि सारिएको जानकारी दिएका छन् । महाधिवेशनको मितिबारे कांग्रेसमा आन्तरिक किचलो लम्बिँदा सभापति शेरबहादुर देउवा आफैंले अग्रसरता लिएर छलफल गरिरहँदा पनि नेताहरूबीच सहमति जुट्न सकेको छैन । शनिबार पनि सभापति देउवाले नेताहरूसँग छलफल डाकेका थिए । शनिबार छलफलमा सभापति देउवा पुस मसान्तभित्र महाधिवेशन गर्न सहमत भएका कांग्रेस स्रोतले बताये ।

ती नेताका अनुसार विशेष महाधिवेशनको सट्टा नियमित महाधिवेशनमै सभापति देउवाको जोड छ । देउवासँग महाराजगञ्जमा भएको छलफलमा कार्यवाहक सभापति पूर्णबहादुर खड्का, नेताहरू शेखर कोइराला, कृष्णप्रसाद सिटौला, विमलेन्द्र निधि, रमेश लेखक, महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्मा सहभागी थिए ।

'आज सभापतिजीले विशेष महाधिवेशन नगरौं भन्ने मेरो धारणा हो । मंसिर, पुस, माघ जहिले हुन्छ नियमित महाधिवेशन गरौं । मिलेर जाऔं भन्नू भो । गगन जीले विशेष महाधिवेशनको माग फिर्ता लिने जिम्मा म लिन्न भन्नुभयो,' ती नेताले भने । महामन्त्री थापाले जेनजी आन्दोलनको विकसित परिस्थितिमा विशेष महाधिवेशमै जानुपर्ने माग गर्दै आएका छन् ।

नेताहरू रमेश लेखक, शेखर कोइराला र महामन्त्री विश्वप्रकाश शर्माले पनि पुसमा नियमित महाधिवेशन नै गर्दा उपयुक्त हुने मत राखेका थिए । तर, विमलेन्द्र निधि र कृष्णप्रसाद सिटौलाले भने पुसमा महाधिवेशन सम्भव नभएको बताएका थिए ।

'निधिजी र सिटौलाजीले पुसमा गर्न सम्भव हुँदै हुँदैन । फागुन २१को निर्वाचनमा बाधा हुन्छ । राष्ट्रियसभा र प्रतिनिधिसभाका लागि प्रत्यक्ष र समानुपातिक उम्मेदवार ल्याउनु पर्यो । त्यो समय दिनु पर्यो । चुनाव प्रचार प्रसारमा लाग्नु पर्यो,' बैठकमा निधि र सिटौलाले राखेको भनाइ उद्धृत गर्दै एक नेताले बताए । निधि र सिटौलाले पुसमा समय अपुग हुने भन्दै निर्वाचनपछि नै महाधिवेशनमा जानुपर्ने अडान राखेका थिए ।

'समय पुग्दैन । हामी ९० जना साथीहरूले धेरै छलफल गरेका छौं, सबैको धारणा निर्वाचन पछिमात्रै महाधिवेशन गरौं भन्ने छ । यसैमा सहमति गरौं । सहमति हुँदैन भने प्रक्रियामा गएर निर्णय गरौं भन्ने हाम्रो धारणा छ भन्ने कुरा राख्नु भयो । कुरा मिलेन आज पनि । नमिले पछि आइतबारका लागि तय भएको बैठक स्थगित भएको छ,' बैठकमा निधि र सिटौलाको अडान उद्धृत गर्दै ती नेताले भने ।

(स्रोत: अनलाइनखबर)

फिल्ममा ५० वर्ष पूरा गरेपछि रजनीकान्त: एक्टरको रुपमा फेरि जन्मिन पाऊँ

गोवा (भारत)/साउथ स्टार रजनीकान्तले फिल्म उद्योगमा ५० वर्ष पूरा गरेका छन् । उनलाई गोवामा आयोजित ५६ औं अन्तर्राष्ट्रिय फिल्म महोत्सवमा सम्मानित गरिएको छ ।

महोत्सव समापन समारोहमा उनलाई 'लाइफटाइम अचिभमेन्ट अवार्ड' बाट सम्मानित गरिएको थियो । ७४ वर्षीय स्टार लाई उभिएर सबैले तालीमार्फत सम्मान गरे । सम्मान स्वीकार गर्न मञ्चमा जाँदा रजनीकान्त भावुक भए र केही शब्द बोले । यदि आफूले १०० जन्म पाए, हरेक पटक अभिनेताको रूपमा जन्मन चाहेको उनले बताए । भारतीय सिनेमामा पाँच दशक पूरा गरेपनि आफूलाई केही वर्ष मात्र बितेजस्तो महसुस भएको उनले बताए ।

गोवाका मुख्यमन्त्री प्रमोद सावन्तले शाल र स्मृति चिन्हले सम्मान गरे । सो अवसरमा र जनीकान्तले भने, "यदि म पछाडि फर्केर हेर्छु भने, मलाई लाग्छ कि म केवल १०-१५ वर्ष अगाडि नै धेरै टाढा पुगेको छु । किनभने मलाई सिनेमा र अभिनय मन पर्छ ।' उनले अघि भने, 'यदि मलाई १०० जीवन मिल्यो भने, म रजनीकान्त जस्तै अभिनेताको रूपमा जन्मन चाहन्छु । तपाईंको माया र स्नेहको लागि धन्यवाद ।' यसअघि फिल्म फेस्टिभलको क्रममा, रजनीकान्तको हालै रिलिज भएको फिल्म 'लाल सलाम' प्रदर्शन गरिएको थियो ।

उनकी छोरी ऐश्वर्या रजनीकान्तद्वारा निर्देशित यो फिल्म एक स्पोर्ट्स एक्सन ड्रामा हो, जुन २०२४ मा रिलिज भैसकेको छ । ऐश्वर्या पनि स्क्रिनिङमा उपस्थित थिइन् । रजनीकान्तले अभिनय करियर सन् १९७५ को फिल्म "अपूर्व रागांगल' बाट सुरु गरे । त्यसपछि उनले "थलपथ', "बाशा', "मुल्लम मलास्म', "एन्थिरन', "कबाली', "जेलर' जस्ता फिल्ममा काम गरे ।

फिल्ममा आउनुअघि र जनीकान्त बस कन्डक्टर थिए । फिल्म उद्योगमा प्रवेश गरेपछि उनले धेरै संघर्षको सामना गर्नुपऱ्यो । अहिले उनी भारतमा सबैभन्दा धेरै पारिश्रमिक लिने अभिनेता पनि हुन् । उनले प्रतिफिल्म २१० करोड भारु पारिश्रमिक लिने बताइन्छ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

चीनमा हुने प्रदर्शनीमा सहभागी हुन प्रदेश मन्त्रालयलाई आमन्त्रण

साझाकुरा संवाददाता

हेटौंडा, १३ मंसिर/ चीनको ग्वान्डोङ प्रान्तले आगामी वर्ष आयोजना हुने अन्तर्राष्ट्रिय साना तथा मझौला व्यवसाय प्रदर्शनीमा बागमती प्रदेशका व्यवसायीलाई सहभागी हुन औपचारिक निमन्त्रणा गरेको छ ।

ग्वान्डोङ प्रान्तको उद्योग तथा सूचनाप्रविधि विभागका उपमहानिर्देशक वान सुपिङ नेतृत्वको टोलीले बागमती प्रदेशका उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्री बिन्दु श्रेष्ठसँग भेटघाट गर्दै नेपाली व्यवसायीको सहभागिता सुनिश्चित गर्न आग्रह गरेको हो । अन्तर क्रियामा मन्त्री श्रेष्ठले नेपाली साना तथा मझौला व्यवसायीले प्रदर्शनी तथा व्यापारमेलामा भाग लिन जाँदा सामान लैजान र ल्याउन असहज हुने भन्दै प्रत्येक वर्ष नेपाली व्यवसायीलाई सहभागी गराउँदै आएकोले सामान सोही स्थानमा राख्ने व्यवस्था मिलाउन अनुरोध गरिन् ।

प्रदर्शनी तथा व्यापार मेलामा स्टल राख्न लैजाने हस्तकलाका सामग्रीहरु चीनको अध्यागमनमा गैरकानुनी भन्दै दुःख पाउने अवस्था रहेकाले अध्यागमन विभागसँग प्रदर्शनी आयोजकलाई समन्वय गर्न अनुरोध गरिन् । नेपालबाट सन् २०१८ देखि नै प्रत्येक वर्ष हुने यो अन्तर्राष्ट्रिय प्रदर्शनीमा ३० देखि ३५ वटासम्म नेपाली व्यववसायीले हस्तकलालगायत साना उद्योगबाट उत्पादित सामग्रीको स्टल राख्ने गरेका छन् । तर, प्रदर्शनीमा लैजाने ढलोटबाट निर्मित मूर्तिहरु, थान्कालगायत बहुमूल्य नेपाली हस्तकलाका सामग्रीहरु गैरकानुनी भन्दै अध्यागमनमा रोकिने समस्या हल गर्न नेपाली महावाणिज्य दूतावासले ध्यान नदिएको र समन्वय नगरेको गुनासो गरिन् । विश्वबजारमा नेपाली उत्पादनहरु चिनाउन तथा अन्य देशका प्रविधिबारे जानकारी आदानप्रदान गर्ने उद्देश्यले चीनको ग्वान्डोङ प्रान्त सरकारले प्रत्येक वर्ष यस्तो प्रदर्शनीमा नेपाललाई आमन्त्रण गर्दै आएको जनाएको छ । आगामी वर्ष सन २०२६ मा पनि यो प्रान्तले सेप्टेम्बर ३ देखि ६ सम्म अन्तर्राष्ट्रिय प्रदर्शनी मेला आयोजना गर्न लागेको जानकारी दिँदै नेपाली व्यवसायी तथा बागमती सरकारको उद्योग मन्त्रालयलाई पनि भाग लिन आयोजकले नेपाल भ्रमणका क्रममा आमन्त्रण गरेको हो ।

भेटघाट तथा अन्तर क्रियामा चिनियाँ पक्षबाट ग्वान्डोङ प्रान्तका उद्योग तथा सूचनाप्रविधि विभागका उपमहानिर्देशक वान सुपिङका साथै अन्तर्राष्ट्रिय साना तथा मझौला व्यवसाय प्रदर्शनी ब्युरोका उपमहानिर्देशक हुवान जियान्जुङलगायत सदस्यको सहभागिता थियो । नेपाली पक्षबाट बागमती प्रदेशको उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालयका सचिव हेमराज भुषाललगायत कर्मचारी, पदाधिकारी तथा साना तथा मझौला व्यवसायी संघका पदाधिकारी तथा सदस्यको उपस्थिति थियो ।

अन्तरक्रियामा साना तथा मझौला व्यवसायी महासंघका केन्द्रीय अध्यक्ष इनु पौडेलले अध्यागमनमा सामान रोकिने समस्या हल गर्न नेपाली महावाणिज्य दूतावासले ध्यान नदिएको र समन्वय नगरेको गुनासो गरिन् । विश्वबजारमा नेपाली उत्पादनहरु

हेटौंडा उपमहानगरको नगरसभा पुस ११ गते

साझाकुरा संवाददाता

हेटौंडा, १३ मंसिर/ हेटौंडा उपमहानगरपालिकाले नगर सभा आगामी पुस ११ गते आह्वान गर्ने भएको छ । उपमहानगरको ७५ औं कार्यपालिका बैठकले पुस ११ गते नगरसभा आह्वान गर्ने निर्णय गरेको हो ।

बैठकले चालु आर्थिक वर्ष २०८२/८३ को मंसिर ९ गतेसम्म संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त अनुदान तथा पालिकाको आन्तरिक श्रोत गरी ७० करोड ३१ लाख ८८ हजार रुपैयाँ अर्थात् कुल अनुमानित आयको २४ प्रतिशत आम्दानी भएको जनाएको छ । खर्चतर्फ ४० करोड ८१ लाख ४ हजार अर्थात् अनुमानित व्ययको १४ प्रतिशत खर्च भएको जनाएको छ । कार्यपालिका बैठकले हेटौंडा-१० स्थित डम्पिङ साइट (फोहोर प्रशोधन तथा विसर्जन केन्द्र) को स्तरोन्नतिका लागि आयोजना प्रस्ताव पेश गर्ने निर्णय गरेको नगरप्रवक्ता सविन न्यौपानेले जानकारी दिए ।

आयोजना संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको सामुदायिक परियोजनाअन्तर्गत सञ्चालन गरिने संघीय सरकारबाट ९० प्रतिशत र उपमहानगर पालिकाको १० प्रतिशत साझेदारी रहने गरी स्तरोन्नति हुने बैठकको निर्णयमा स्पष्ट पारिएको छ । गत भदौ २३ र २४ गतेको जेनजी आन्दोलको क्रममा तोडफोड तथा आगजनीबाट हेटौंडा उपमहानगर पालिका कार्यालय तथा वडा कार्यालयहरु र स्वास्थ्यसंस्थाहरु प्रभावित भएको हुँदा प्राविधिकको लागत अनुमानअनुसार मर्मतसम्भार कोषबाट निर्माण प्रक्रिया अघि बढाउने निर्णय गरेको छ ।

यसका साथै, आन्दोलनको क्रममा बढी क्षति भएका ६ वटा वडालाई मेशिनरी औजार उपकरण खरिद गर्न प्रतिवडा ५ लाखका दरले ३० लाख उपलब्ध गराउने निर्णय गरिएको छ । यस्तै, हेटौंडा-४ स्थित भित्री सडकमा खाल्डाखुल्डी भई आवतजावत गर्दा दुर्घटनाको जोखिम बढेकाले मर्मतसम्भार कोषबाट खर्च हुने गरी मर्मतप्रक्रिया अघि बढाउने निर्णयसमेत कार्यपालिकाले गरेको छ ।

मनहरीको दिगो कृषि सहकारीको अध्यक्षमा पुनः स्याङ्तान

साझाकुरा संवाददाता

हेटौंडा, १३ मंसिर/ मकवानपुरको मनहरीमा रहेको दिगो कृषि सहकारी संस्था लिमिटेडको अध्यक्षमा पुनः चन्द्रसिं स्याङ्तान चयन भएका छन् ।

मनहरी गाउँपालिका-२ मा रहेको दिगो कृषि सहकारी संस्था लिमिटेडको १२ औं वार्षिक साधारण सभाबाट स्याङतानको अध्यक्षतमा सर्बसम्मत ९ जना कार्यसमिति चयन भएको हो । कार्यसमितिलाई वडाअध्यक्ष राजकुमार पाखिनले सफल कार्यकालको बधाई तथा शुभकामना व्यक्त गरेका छन् । नवगठित कार्यसमितिको उपाध्यक्षमा दिलबहादुर बुलुन, सचिवमा आत्माराम रुम्बा, कोषाध्यक्षमा मनमाया घलान रहेका छन् भने सदस्यमा गोमा घलान, गणेशबहादुर स्याङ्बो, रामकुमार स्याङ्तान, रचना मुक्तान, डिलमाया थिङ चयन भएका छन् ।

कार्यक्रममा ५ जना उत्कृष्ट बचतकर्ता र ५ जना ऋणीलाई सम्मानस्वरुप मायाको चिनो प्रदान गरिएको सस्थाका सूचना अधिकारी आत्माराम रुम्बाले जानकारी दिए । आगमी कार्ययोजनामा दुध संकलन, डेरी सन्चालन गर्ने, दुध उत्पादन गर्ने किसानलाई सहुलियत दरमा ऋण उपलब्ध गराउने र प्रचलित ब्याजदरलाइ घटाउने, शेयरसदस्यको अवश्यकता अनुसार सम्बन्धित निकायसँग समन्वय गर्ने लगायतको काम गर्ने रुम्बाले जानकारी दिएका छन् । दिगो कृषि सहकारी संस्था लिमिटेडको अध्यक्ष स्याङ्तानको सभाध्यक्षतामा भएको कार्यक्रममा मनहरी गाउँपालिका-२ का अध्यक्ष पाखिनको प्रमुख आतिथ्यता रहेको थियो ।

कार्यक्रममा बिशिष्ट अतिथि सस्थापक अध्यक्ष हीरालाल स्याङ्तान, अतिथि वडासदस्य चमेलीमाया थिङ, कमला बिक, मनकामना मध्यवर्ती सामुदायिक वन उपभोक्ता समितिका सचिव सूर्यबहादुर गोले, मेन्दो टोल विकास संस्थाका अध्यक्ष बलिराज गोड्बा लगायतको उपस्थिति रहेको थियो ।

जेन्जी आन्दोलनमा लुटेको हतियार सहित मकवानपुरे युवा पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, १३ मंसिर/ जेनजी आन्दोलनका क्रममा प्रहरी कार्यालयबाट लुटिएका हतियारको दुरुपयोग गरी राजधानीमा लुटपाट मच्चाउने तीनजना पक्राउ परेका छन् । राति २ बजे फुड डेलिभरी गर्ने व्यक्तिलाई पेस्तोल देखाई लुटपाट गरेको आरोपमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले उनीहरुलाई नियन्त्रणमा लिएको हो ।

पक्राउ पर्नेमा मकवानपुरका २५ वर्षीय निकेश विक, सुरज विक र बागलुङका २५ वर्षीय बालकृष्ण गैरे रहेका छन् । उनीहरु हाल काठमाडौंका विभिन्न स्थानमा बस्दै आएका थिए । प्रहरीकाअनुसार निकेश र सुरज विकले गत ५ मङ्सिर राति अन्दाजी २ बजेको समयमा काठमाडौंको बागबजारमा लुटपाट गरेका थिए । उनीहरुले अनलाइन फुड डेलिभरी सेवाप्रदायक 'भोज डिल' का डेलिभरी ब्वाई निरज चौधरीलाई साथमा रहेको हतियार (पेस्तोल) देखाई तर्साएर नगद तथा जिन्सी सामग्री लुटेका थिए ।

यससम्बन्धमा पीडितले प्रहरीवृत्त सिंहदरबारमा निवेदन दिएका थिए भने अपराध अनुसन्धान कार्यालयमा डाँका चोरीसम्बन्धी किटानी जाहेरी परेको थियो । प्रहरीले पक्राउ परेका व्यक्तिको साथबाट विद्रोहका क्रममा लुटिएका दुई थान पेस्तोल बरामद गरेको छ । अनुसन्धानका क्रममा पक्राउ परेकामध्ये निकेश विक पेसेवर अपराधी रहेको खुलेको छ । उनी यसअघि पनि विभिन्न अपराधमा संलग्न रही फरार सूचीमा रहेको प्रहरीले जनाएको छ ।

प्रहरीकाअनुसार निकेश विरुद्ध ११ माघ २०८१ मा केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) मा ठगी, आपराधिक विश्वासघात तथा आपराधिक लाभ (एक्सटर्सन) सम्बन्धी कसुरमा जाहेरी परेको थियो । उनी ४ भदौ २०८१ मा इलाका प्रहरी कार्यालय गौशाला, महोत्तरीमा दर्ता भएको चोरी सम्बन्धी मुद्दामा समेत फरार प्रतिवादी रहेको खुलेको छ । पक्राउ परेका तीनैजनामाथि हातहतियार तथा खरखजनासम्बन्धी कसुरमा थप अनुसन्धानका लागि जिल्ला प्रहरी परिसर भद्रकाली पठाइएको छ ।

थाहानगरको वर्थिङ सेन्टरमा च्वाइस नेपालबाट उपकरण सहयोग

साझाकुरा संवाददाता

हेटौंडा, १३ मंसिर/थाहा नगरपालिका-४ को दामन सहरी स्वास्थ्यकेन्द्र र थाहा-१२ को लिती आधारभूत स्वास्थ्य केन्द्रको बर्थिङ सेन्टरका लागि उपकरण सहयोग गरिएको छ ।

थाहा नगरपालिका र च्वाइस नेपालबीचको साँझेदारीमा भएको विभिन्न कार्यक्रमकोको समीक्षा तथा आगामी योजनाको विषयमा भएको छलफलको अवसरमा उपकरण हस्तान्तरण गरिएको हो । च्वाइस नेपालका राष्ट्रिय निर्देशक प्रतीक शर्माले नगरप्रमुख विष्णुबहादुर विष्ट तथा उपप्रमुख भरत गोपालीलाई उपकरण हस्तान्तरण गरेका हुन् । सामग्री हस्तान्तरण गर्दै निर्देशक शर्माले च्वाइस नेपालमार्फत भएको सहयोगको भरपुर उपयोग गरी नागरिकले लाभ प्राप्त गर्ने अपेक्षा गरे । नगरप्रमुख तथा उपप्रमुखले सहयोगी संस्थालाई धन्यवादसहित यस किसिमको सहकार्यको निरन्तर ताको आग्रह गरे ।

समीक्षामा च्वाइस नेपालको सहयोगमा शिक्षा, स्वास्थ्य, खानेपानी, आयआर्जनलगायत क्षेत्रमा भएको लगानी तथा प्रतिफलको विषयमा अन्तरक्रियात्मक छलफल भएको थियो । थाहा नगरपालिकामा भएको कार्यक्रममा नगरप्रमुख विष्ट, उपप्रमुख गोपाली, प्रमुख प्रशासकीय अधिकृत निरज पौडेल, वडाध्यक्षहरु तथा शाखाप्रमुखको सहभागिता रहेको थियो । त्यस्तै च्वाइस नेपालका राष्ट्रिय निर्देशक शर्मा, मकवानपुर कार्यक्रम संयोजक सुकराम दुलाल, पालुङ कार्यक्रमका प्रताप घिमिरे लगायतको उपस्थिति रहेको थियो ।

च्वाइस नेपालले थाहा नगरपालिकामा सन् २०१५ देखि नगरपालिकाको अवश्यकताको आधारमा सहभागितामुलक साझेदारी मोडलबाट शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाइ, आयआर्जनलगायत क्षेत्रमा काम गर्दै आएको छ ।

फरार कैदीद्वारा चोरी गरिएको मोटरसाइकलसहित एक युवक पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, १३ मंसिर/ जेनजी आन्दोलनका क्रममा केन्द्रीय कारागार सुन्धाराबाट फरार भएका कैदीद्वारा चोरी गरी बिक्री गरिएको मोटरसाइकलसहित एक युवक पक्राउ परेका छन् ।

जिल्ला प्रहरी कार्यालय मकवानपुरका अनुसार हेटौंडा-७ हरियालीस्थित सडकखण्डमा नियमित जाँचका क्रममा प्रहरी टोलीले बा ४० प ४२९५ नम्बर को मोटरसाइकल चलाइरहेका हेटौंडा-१५ भोर्ले बस्ने २१ वर्षीय अभिषेक वाइबालाई रोकेर जाँच गर्दा मोटरसाइकलको कुनै कागजपत्र नपाएपछि उनलाई नियन्त्रणमा लिइएको थियो । थप अनुसन्धानमा उक्त मोटरसाइकल त्यही स्थानका २६ वर्षीय राजेश खातीले बिक्री गरेको खुलेको प्रहरीले जनाएको छ ।

राजेश खाती भदौ २३ र २४ गतेको जेनजी आन्दोलनका क्रममा केन्द्रीय कारागार कार्यालय सुन्धराबाट भागी फरार रहेका व्यक्ति भएको पुष्टि भएको छ । फरार सूचीमा रहेका खातीलाई प्रहरीले पछिल्लो समयमा पुनः पक्राउ गरी कारागार कार्यालयमा बुझाइसकेको जनाइएको छ ।

पूर्वराजा र राजावादीमाथि किन खनिए दुर्गा प्रसाईं ?

भक्तपुर/'राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ महाअभियान' का संयोजक दुर्गा प्रसाईंले पूर्वराजा ज्ञानेन्द्र शाह र उनका समर्थक (राजावादी) प्रति असन्तुष्टि पोखेका छन् । शनिबार भक्तपुरमा आयोजित पत्रकार सम्मेलनमा उनले आफू राजसंस्था र हिन्दु राज्यको पक्षमा तीन वर्षदेखि लड्दै आए पनि पूर्वराजा निष्क्रिय बनेको र राजावादीहरूले पनि दोहोरो चरित्र देखाएको आरोप लगाए । सोही कारण आन्दोलन निष्कर्षमा पुग्न नसकेको उनको गुनासो थियो ।

प्रसाईंले पूर्वराजा ज्ञानेन्द्र शाहको भूमिकामाथि प्रश्न उठाउँदै उनी सक्रिय हुनुपर्ने बताए । उनले भने, 'राजाका मान्छे चार जना बाटोमा उफ्रिने, तर एउटा राजाको विज्ञप्ति पनि आउँदैन । राजा गएर दमकको चिया बगानमा घाम तापेर बस्ने ?' उनले पृथ्वीनारायण शाहको उदाहरण दिँदै राजा आफैं पनि सक्रिय हुनुपर्ने तर्क गरे । 'हिजो पृथ्वीनारायण शाह पनि त हातमा खुकुरी लिएर निस्किएर पो राजा भएका हुन् त । राजाको पनि त केही न केही त हुनुपर्यो नि त, जोड हुनुपर्यो, घटाउ हुनुपर्यो, बल हुनुपर्यो,' प्रसाईंले भने ।

प्रसाईंले विदेशमा बसेर सामाजिक सञ्जालमा क्रान्तिकारी बन्ने तर आन्दोलनलाई सहयोग नगर्ने राजावादीहरूप्रति समेत उनले व्यंग्य गरे । उनले विदेशमा ग्रिन कार्ड लिएर बस्ने र नेपालमा आन्दोलन चर्काउन उक्साउनेहरूलाई 'देश फर्केर आउन' चुनौती दिए ।

प्रसाईंले राजसंस्था फर्काउने अन्तिम र सुरक्षित विकल्प 'जनमत संग्रह' भएको बताउँदा राजावादीहरूले नै आफ्नो विरोध गरेकोमा आपत्ति जनाए । उनले भने, 'संसदबाट फ्याँकेको राजा संसदबाटै (दुई तिहाइले) ल्याउनुपर्छ, होइन भने लडाइँ गर्न सबै सडकमा निस्किनुपर्‍यो । कोही ननिस्किने, म एक्लैले बल गर्दा हुन्छ ? अनि मैले जनमत संग्रहको कुरा गर्दा राजा छोडेको हुन्छ ?'

उनले राजावादीहरूलाई चुनौती दिँदै भने, 'त्यत्रो राजालाई मन पराएको छ भने, हिन्दु राष्ट्र चाहिएको छ भने, हालौं न ब्यालेट बक्स । ड्याम-की-ड्याम ९५ पर्सेन्ट भोट हालेर ल्याउ न त राजालाई ।' प्रसाईंले आफू ३ वर्षदेखि राजा र हिन्दु धर्मको पक्षमा लडिरहेको, जेल बसेको तर अन्य राजावादी दल र नेताहरूले केही नगरेको दाबी गरे । उनले भने, 'राजा ल्याउनको लागि लडेकै हो नि, जेल बसेकै हो त । कोही नगर्ने, अनि अहिले आएर विरोध गर्ने ?' प्रसाईंले आफूले राजाको मुद्दा नछोडेको तर राजा र राजावादीहरूले पनि आन्दोलनलाई साथ दिनुपर्ने र निष्क्रिय भएर बस्न नहुने स्पष्ट पारे ।

हाजिरीजवाफमा तुलसीमेहर प्रथम

साझाकुरा संवाददाता

हेटौंडा, १३ मंसिर/ जनप्रिय माध्यमिक विद्यालयको ५० औं वर्ष पूरा गरेको अवसरमा आयोजित हाजिरीजवाफ प्रतियोगितामा तुलसीमेहर मेमोरियल मावि प्रथम भएको छ ।

स्वर्ण महोत्सव अन्तर्गत स्व. मोहनचन्द्र चौलागाईं स्मृति रनिङ्शल्ड हाजिरीजवाफ प्रतियोगितामा जनप्रिय माविको आयोजना र रेडक्रस हटिया उपशाखाको प्रायोजनमा सञ्चालन भएको हो । कार्यक्रममा तुलसीमेहर मेमोरियल माविका दीप्ती क्षेत्री र रेमिन्स ढुंगाना, हेटौंडा एकेडेमीका आध्या भट्टराई र ज्वनिस्मा बिडारी तथा ज्योति माविका प्रतिष्ठा श्रेष्ठ र रोहित घर्तीमगरको टोली क्रमशः प्रथम, द्वितीय र तृतीय भएका हुन् । हेटौंडा उपमहानगरका कूल १४ विद्यालय सहभागी प्रतियोगितालाई बहुवैकल्पिक प्रश्नोत्तर परीक्षा र सामूहिक परीक्षण गरी २ चरणमा

गरिएको थियो ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष मोहनप्रसाद बस्ताकोटी सभाध्यक्षतामा आयोजित कार्यक्रममा हेटौंडा-१६ का अध्यक्ष रामकृष्ण कोइरालाको प्रमुख आतिथ्य रहेको थियो ।

जनप्रिय मावि अंग्रेजी माध्यम संयोजक रविन श्रेष्ठले संयोजन गरेका हाजिरीजवाफ प्रतियोगितामा स्व.मोहनचन्द्र चौलागाईंका परिवार, रेडक्रसमा आबद्ध प्रतिनिधि, शिक्षक, विद्यार्थीको सहभागिता रहेको थियो । विद्यालयभित्र माध्यमिकस्तरीय कविता, रक्तदान कार्यक्रम, विविध खेलकूद प्रतियोगिता आयोजना गरिएकोमा विद्यालयको गरिमालाई अझ उजागर गर्न नगरस्तरीय तथा जिल्लास्तरीय प्रतियोगितामा समेत विद्यालयले जोड दिँदै गइरहेको संयोजक श्रेष्ठले बताए ।

स्वर्ण महोत्सवको अवसरमा जनप्रिय माविले अक्षयकोष स्थापनाका क्रममा ३० लाख रुपैयाँ बराबरको कोष तयार गर्दैछ भने विद्यालय हाताभित्र स्तम्भ निर्माण गरिएको र जनप्रिय स्मारिका भोल्युम २ प्रकाशनार्थ रहेको प्रधानाध्यापक भुपेन्द्र चौलागाईंले जानकारी दिए ।

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादकः सरला खनाल, कार्यालय/मुद्रणः हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२११११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रणः सफल छापाखाना